जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १५० • २०७९ साल कार्तिक ५ गते शनिबार (22 October, Saturday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

केन्द्रीय बैंकको विवरण

## मधेशमा मूल्यवृद्धि अपेक्षित अंकभन्दा माथि

**टुडे समाचारदाता**

काठमाण्डु । तराई-मधेशमा मूल्यवृद्धि अपेक्षित अंकभन्दा माथि रहेको पाइएको छ । केन्द्रीय बैंकले शुक्रवार सार्वजनिक गरेको चालू आवको पहिलो दोस्रो महिनाको अन्त्यसम्ममा तराईमा उपभोक्ता मुद्रास्फीति नौ दशमलव ३३ प्रतिशत बराबर रहेको छ।

केन्द्रीय बैंकका अनुसार २०७८ भदौमा तराईको उपभोक्ता मुद्रास्फीति तीन दशमलव ६५ प्रतिशत बराबर थियो। गत भदौ महिनामा काठमाडौं उपत्यकामा सात दशमलव ६२ प्रतिशत पहाडमा आठ दशमलव ८२ प्रतिशत र हिमालमा छ दशमलव ६८ प्रतिशत मुद्रास्फीति रहेको छ।

बैंकका अनुसार २०७८ भदौ महिनामा काठमाडौं उपत्यकामा तीन दशमलव २३ प्रतिशत, पहाडमा तीन दशमलव ९६ प्रतिशत र हिमाली क्षेत्रमा तीन दशमलव ५१ प्रतिशत बराबरको मुद्रास्फीति थियो।

यस्तै भदौ महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति आठ दशमलव ६४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति तीन दशमलव ४९ प्रतिशत थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति आठ दशमलव १७ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति नौ दशमलव शून्य दुई प्रतिशत रहेको छ।

विसं २०७८ भदौको तुलनामा २०७९ भदौमा खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत फलफूल, घ्यू तथा तेल, रेष्टुरेन्ट तथा होटल, मदिराजन्य पेयपदार्थ र तरकारी उपसमूहको मूल्यवृद्धि क्रमशः १७ दशमलव २९ प्रतिशत, १४ दशमलव ५३ प्रतिशत, १२ दशमलव ३० प्रतिशत, १० दशमलव २४ प्रतिशत र नौ दशमलव ९४ प्रतिशत रहेको छ।

समीक्षा महिनामा गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात, स्वास्थ्य, फर्निसिङ तथा घरायसी उपकरण, शिक्षा र घरायसी उपयोगका वस्तु उपसमूहको मुद्रास्फीति क्रमशः २३ दशमलव ४१ प्रतिशत, १० दशमलव ५४ प्रतिशत, नौ दशमलव २५ प्रतिशत, आठ दशमलव ११ प्रतिशत र सात दशमलव ६९ प्रतिशत रहेको छ।

मधेश प्रदेशमा निर्वाचन

# स्वतन्त्रमाथि दलका उम्मेदवार भारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनमा स्वतन्त्रमाथि दलका उम्मेदवारहरु भारी देखिएका छन् । मंसिर ४ गते हुने निर्वाचनमा दलका उम्मेदवारहरुमाथि स्वतन्त्र उम्मेदवारहरु भारी देखिने आकलन गरिए पनि अहिले सम्म दलकै उम्मेदवार भारी देखिएको छ।

गत बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा स्वतन्त्र उम्मेदवारको बिजयी लहर देखेर मंसिर ४ गते हुने निर्वाचनमा पनि स्वतन्त्रहरुले बाजी मार्न सक्ने अनुमान गरिए पनि दलका उम्मेदवारहरुले आफ्नो बर्चस्व कायम राखेका छन् । दलहरुमाथि विभिन्न आरोप लगाउँदै स्वतन्त्र उम्मेदवारी दिएकाहरुले जनता परिवर्तनको पक्षमा रहेको बताउँदै स्वतन्त्रहरु बढी संख्यामा विजयी हुने अनुमान गरिएको थियो।

तर, मंसिर ४ आउन केही दिन मात्रै बाँकी रहेका बेला उम्मेदवारहरुको चिया चर्चासंगै घरदौलोमा उपस्थिति लगायतका अन्य फेक्टरहरुलाई नियाल्दा स्वतन्त्रहरुको दाबी असफल हुने देखिन्छ। विभिन्न दलहरुवाट उम्मेदवार नबनाएकाहरुले पनि स्वतन्त्र उम्मेदवारी दिएका छन् भने कुनै पार्टीमा संलग्न नरहेकाहरुले पनि स्वतन्त्र उम्मेदवारी दिएका छन् । तर, एक दुई उम्मेदवार बाहेक सवैको चर्चा सामाजिक संजालमा मात्र देखिएको छ। ग्राउण्ड जिरोमा उनीहरु भन्दा बढी चर्चा दलका उम्मेदवारहरुले पाएका छन्।

धनुषा निर्वाचन क्षेत्र नम्वर ३ मा मात्रै नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष उमेश साह, इन्जिनियर सत्यनारायण साह लगायतले प्रतिनिधिसभाकालागि उम्मेदवारी दिएका छन् तर, यिनी दुवै भन्दा बढी नेकपा एमाले गठबन्धनका जुली महतो र पाँच दलीय गठबन्धनका उम्मेदवार अनिलकुमार झाकै चर्चा बढी छ। दलहरुमाथि लाञ्छना पनि लगाउने, भ्रष्टाचारीको मतियार भएको पनि भन्ने र दलकै उम्मेदवारहरु मध्ये एक जनालाई चुन्ने जनतामा चर्चा छ। स्वतन्त्रका उम्मेदवार उमेश साह भन्छन्-'मेरो उम्मेदवारीले जनतामा आशा पलाएको छ। दलहरुप्रति जनतामा आक्रोश छ।' उनले यस्ता दाबी गरिरहँदा चिया पसलमा हुने गफ र राजनीतिक चर्चापरिचर्चा हुने ठाउँमा उनको चर्चा हुँदैन्। विभिन्न समयमा शिक्षित, योग्य र कामगर्ने व्यक्तिलाई निर्वाचनमा चुन्नुपर्ने कुरा हुँदा पनि उनले चर्चा नपाउनु दुःखद रहेको राजनीतिक विश्लेषकहरुको भनाइ छ। राजनीतिक विश्लेषकहरु भन्छन्-'धनुषा निर्वाचन क्षेत्र नम्वर ३ मा स्वतन्त्रका उम्मेदवार इन्जिनियर सत्यनारायण साहको चर्चा हुनु पर्छ। उमेश साहको चर्चा हुनु पर्छ।' त्यस्तै सर्लाही निर्वाचन क्षेत्र नम्वर ४ मा नेपाली कांग्रेसले टिकट नदिएपछि स्वतन्त्र भएर उम्मेदवारी दिएका अमरेश सिंह भन्दा बढी दलका उम्मेदवारको चर्चा छ। त्यो क्षेत्रमा पाँच दलीय गठबन्धनबाट नेपाली कांग्रेसका सर्लाही जिल्ला अध्यक्ष नागेन्द्र राय र जसपा-एमाले गठबन्धनवाट किसान आन्दोलनका अगुवा राकेश मिश्रले उम्मेदवारी दिएका छन्। अमरेश गत निर्वाचनमा मिश्रलाई पराजित गरेका थिए तर, यस पटक सिंहलाई पार्टीले पनि नपत्याएको र मिश्रलाई नेकपा एमाले र जसपा दुवैले सघाउने भए पनि उनी बलियो स्थितिमा देखिएका छन् । मिश्र गत निर्वाचनमा तत्कालीन राजपाबाट प्रतिनिधिसभामा उम्मेदवारी दिएका थिए। यो क्षेत्रमा सिंह भन्दा बढी नागेन्द्र र राकेशको चर्चा देखिएको छ।

> **स्थानीय तहको निर्वाचनको नक्कल गरेर निर्वाचनमा आएकाहरु मध्ये अधिकांश पार्टीका बागी रहेको र स्वतन्त्रहरु नगन्य मात्रामा रहेका कारण जनताले स्वतन्त्रमाथि विश्वास नगरेको राजनीतिक विश्लेषकहरु बताउँछन् ।**

त्यस्तै पर्सा निर्वाचन क्षेत्र नम्वर १ मा पार्टीले टिकट नदिएपछि अजय द्विवेदीले स्वतन्त्र भएर उम्मेदवार बनेका छन् । त्यस क्षेत्रमा पाँच दलीय गठबन्धनले लोसपा नेता लक्ष्मणलाल कर्णलाई उम्मेदवार बनाएका छन् भने जसपा-एमाले गठबन्धनले वन मन्त्री प्रदीप यादवलाई उम्मेदवार बनाएका छन्। द्विवेदी प्रभावशाली नेता मानिए पनि अहिले पर्सा १ मा कर्ण र यादवको चर्चा छ। जनता ध्रुवीकरण देखिएका छन्। दुई भागमा जनता देखिन्छन। त्यस क्षेत्रमा द्विवेदी प्रति सहानुभूति पनि छ तर यि दुवै उम्मेदवारको बीचमा उनी चेपुवामा परेको देखिएका छन्।

त्यस्तै सिरहा ४ मा जसपा नेता राजकिशोर यादवका भाइ काशिन्द्र यादवले स्वतन्त्र उम्मेदवारी दिएका छन् तर चर्चा भने उनको पनि छैन्। उनी भन्दा बढी जसपा एमालेका उम्मेदवार वीरेन्द्र महतो र पाँच दलीय गठबन्धनवाट धर्मनाथ साहकोको उम्मेदवारी परेको छ । यो क्षेत्रवाट गत प्रतिनिधिसभाको निर्वाचनमा राजकिशोर यादव तत्कालीन राजपावाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित थिए । उनका भाइले त्यो क्षेत्रमा खासै असर नपार्ने र जनताले वीरेन्द्र महतो र धर्मनाथ साह मध्यये एक जनालाई रोज्ने वातावरण बन्दै गएको जानकारहरु बताउँछन्। सिरहा ४ का अधिकांश स्थानीय तहमा एमाले र जसपाकै उम्मेदवारह विजयी भएका कारण वीरेन्द्र बलियो स्थितिमा देखिएको छ । तर, स्वतन्त्र उम्मेदवारको चर्चा त्यहाँ पनि छैन्।

यसरी स्वतन्त्र उम्मेदवारहरुको ग्राउण्ड स्तरमा चर्चासमेत हुन नसक्नु र परिवर्तनको वकालत गर्नेहरुको यो ठूलो चुनौती बनेको छ। गत बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा स्वतन्त्रहरुले महानगरपालिका देखि उप-महानगर सम्ममा प्रमुख पदमै स्वतन्त्र विजयी भएका थिए। उनीहरुले रोजेका चुनाव चिह्नको नक्कल गर्दा पनि स्वतन्त्रहरुमाथि प्रतिनिधिसभा र प्रदेशसभाको लागि जनतामा विश्वास नदेखिएको राजनीतिक विश्लेषकहरुको भनाइ छ।

मेयर पद कार्यकारी जस्तै रहेको र प्रतिनिधिसभा तथा प्रदेशसभामा बहुमतिय प्रणाली अनुसारले सरकार गठन गर्ने भएकाले स्वतन्त्रहरुवाट हुन नसक्ने एउटा भिजन बनेका कारण उनीहरुमाथि जनताले विश्वास गर्न नसकेको अवस्था छ। स्थानीय तहको निर्वाचनको नक्कल गरेर निर्वाचनमा आएकाहरु मध्ये अधिकांश पार्टीका बागी रहेको र स्वतन्त्रहरु नगन्य मात्रामा रहेका कारण जनताले स्वतन्त्रमाथि विश्वास नगरेको राजनीतिक विश्लेषकहरु बताउँछन्।




# श्रमजीवीका लागि आर्जनको अवसर

**टुडे समाचारदाता**

जलेश्वर । चाडपर्वमा खर्च बढ्ने भए पनि मिथिलामा दीपावली र छठ गरिब र श्रमजीवीका लागि आर्जनको अवसर बन्ने गरेको छ । गरिब किसानका उत्पादनले महत्व पाउने र श्रमजीवीलाई पर्वविशेषसँग जोडिएका थप काम पाइने भएपछि यी पर्व



आर्जनका खास अवसरसमेत बन्ने गरेका छन् । करेसाबारीमा लगाइएका फूल, अदुवा, ज्यामिर र केरालगायतका उत्पादनले यी चाडपर्वमा राम्रो मूल्य पाउँछन् । दीपावली पर्वमा व्यापारिक प्रतिष्ठानले लक्ष्मीपूजास्थल सजाउन केराका थामबाटद्वारा बनाउने चलन छ। यस प्रयोजनका लागि घर-करेसामा रहेका केराका थम बेचेर नै गरिब किसानले राम्रो आर्जन गर्ने अवसर पाउँछन् ।

"खासमा केराको झ्याङमा प्रतिझ्याङमा तीन वटाभन्दा बढी बोट राख्नु हुँदैन, बढी भएका थम उखालेर फ्याँक्नुपर्छ", बर्दिबास नगरपालिका-९ पशुपतिनगरका किसान रामविनोद महतो भन्छन्, "यो थम उखाल्ने काम हामी दीपावलीको मुखमा गर्छौं, सबै फालिनुपर्ने थमको मूल्य पाइन्छ ।" केराका थमका लागि केही दिन पहिले नै लिनेदिनेले कुरा पक्कापक्की गर्ने यहाँको चलन छ। लक्ष्मीपूजाको एक दिन पहिले त चोकबजारमा केराका थमको बजार नै लाग्ने गरेको छ।

केरा फल र थम दुबैको माग हुने दीपावली र केराका घरी नै छठपर्वमा कतिपयको भाकल हुने गर्छ। दीपावली र छठसँगसँगै जस्तो पर्नाले यी पर्वमा केराको खपत निकै बढ्ने गरेको छ। यसबाहेक ज्यामिर बोटसहित उखालिएको अदुवा, पातसहितको उखु पनि दुबै पर्वका पूजा सामग्री हुन् । थोरै जग्गा हुने गरिब किसानले आफ्नो घर-करेसामा लगाएका यी वनस्पतिबाट पर्वको अवसरमा राम्रो आर्जन गर्ने गरेका छन् ।


यस्तै अरु बेला दैनिक प्रयोजनमा प्रयोग गर्न छाडिएका बाँसका डाला, छिटी, नाङ्ला, चाल्नु र अन्य चोयाबाट बन्ने सामग्री र माटाका भाँडा कलश राख्ने गाग्रो, दही जमाउने छ्याँची, प्रसाद सामग्री राख्ने तौला र दियो बाल्ने दियौरी दीपावली र छठपर्वका खास सामग्री हुन् । अरुबेला यस्ता सामानको बिक्री हुन छाडे पनि यी पर्वमा बाँसको चोयाका सामग्री बुन्ने डोम र विन एवं माटाका भाँडा बनाउने कुम्हाल जाति समुदायको निकै व्यस्तता बढ्ने गरेको छ। दुबै पर्वको आर्जनले वर्षभरिको नगद जोहो गर्नुपर्ने हुँदा अहिले आफ्नो सीपको खास अवसर भएको यी जाति समुदायका गरिब बताउँछन् । पर्वमा घर रङरोगन गर्ने सीपका कामदारको पनि माग ह्वात्तै बढ्ने गरेको छ।

दीपावलीको पक्ष सुरु भए पनि पर्व लाग्न अझै तीन-चार दिन बाँकी छ । यद्यपि पर्वमा माग हुने कृषि उपज र बनाइने अन्य सामग्रीबारे सोधखोज र चासो बढेको छ। पर्वका सामग्री किन्ने उपभोक्ताले यस्ता सामग्री खोज्ने, किन्ने र दामकाम पक्कापक्की गर्न थालेका देखिँदो छ । यसपालि अनुकूल वर्षा नहुँदा अपेक्षित धानबाली लगाउन नपाएर पिरोलिएका किसान अहिले पर्वविशेषमा महत्व पाउने आफ्ना कृषिउपज (अदुवा, उखु, ज्यामिर, केरा आदि) बेचेर पर्व टार्ने धुनमा देखिन्छन् ।

"आफ्नो त खासै जग्गा छैन हजुर, घर छेउको करेसाबारीमा थोरै अदुवा सपारेकी छु, एउटा बोट ज्यामिर लटरम्म फलेको छ", भंगाहा नगरपालिका-४ रामनगरकी किसान मञ्जु कापर भन्छन्, "दीपावलीमा यिनै उपज बेचेर आफ्नो पर्व खर्च जुट्ने विश्वासमा छु।" करेसाबारीको दुई-तीन धुर जग्गामा उखु पनि रहेको र पर्वमा उखुका लाँक्रा बिक्ने गरेको हुँदा दीपावली, छठ सहजै टार्ने मञ्जुको विश्वास छ।

दीपावली र छठपर्व कृषिसँग अभिन्नरूपले जोडिएका यस भेगका पाका मैथिल बताउँछन्। मुख्य खेती लगाउने समय सकिएको र नयाँ बाली भित्र्याउने समयअघि पर्ने यी पर्व धनी-गरिब सबैका लागि खुसीको अवसर हुने गरेका पाका मैथिल बताउँछन् ।

# गाँजा प्रतिबन्धले बनाउन सकिएन २१ आयुर्वेदिक औषधि



काठमाण्डु । हाल गाँजाको प्रयोग गर्न प्रतिबन्ध लगाइएकाले २१ वटा आयुर्वेदिक औषधि बनाउन नसकिएको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले जनाएको छ।

गाँजा प्रतिबन्धबाट सबैभन्दा धेरै आयुर्वेदिक औषधि बनाउने कम्पनी मारमा पर्ने गरेका छन् । नेपाल सरकारको विशेषज्ञ समूह नीति अनुसन्धान प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को संयुक्त आयोजनामा भएको 'नेपालमा गाँजा खेतीको वैधानिकीकरणः सम्भावना र चुनौती' विषयक बहुसरोकारवाला पक्षसँग परामर्श तथा छलफल कार्यक्रममा यस्तो जानकारी गराइएको हो।

कार्यक्रममा लागुऔषध नियन्त्रण तथा रोकथामसँग सम्बन्धित विभिन्न संस्था, रिह्याब महासङ्घ, गृहमन्त्रालयअन्तर्गतको लागुऔषध नियन्त्रण शाखा, नेपाल कानून आयोग, विभाग, कानुन व्यवसायी, प्राध्यापक, सशस्त्र प्रहरी, उपभोक्ता हित संरक्षण मञ्चलगायत संस्थाका प्रतिनिधिको सहभागिता थियो।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अनुसन्धानकर्ताले गाँजाको मेडिकल (चिकित्सकीय) पक्षबाट सन्दर्भ ग्रन्थको विश्लेषणका आधारमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रतिष्ठानका तर्फबाट नेपालमा गाँजा खेतीको आर्थिक महत्व तथा सामाजिक पक्षको दृष्टिकोणसम्बन्धी कार्यपत्र प्रस्तुत भएको थियो।

संयुक्त राष्ट्रसङ्घले सन् २०२० मा गाँजालाई उपयोग योग्य वनस्पतिको रूपमा राखेपछि विश्वभर गाँजाको नियन्त्रित प्रयोगको बारेमा बहस सुरु भएको छ । नेपालमा गाँजाको खेती तथा प्रयोग प्रतिबन्धित भए पनि यसको रेसाबाट विभिन्न औद्योगिक वस्तुजस्तै कपडा, पर्स, हाते झोला, टोपी, म्याट आदि उत्पादनका साथै घरायसीरुपमा पनि प्रयोग हुने गरेको छ। गाँजाको बीउ खाद्य प्रयोजनको लागि उपयोग हुने गर्छ। गाँजा औषधि तथा धार्मिक र सांस्कृतिक पर्वमा समेत प्रयोग हुँदै आएको छ।

नेपालमा पाइने गाँजाको गुणस्तर उत्कृष्ट रहेको अध्ययनले देखाएको भन्दै नेदरल्यान्ड्सको हेग र आम्स्टरड्याममा 'क्रिस्चियन हेभन' मा समेत उल्लेख भएको तथ्य कार्यक्रममा जानकारी गराइएको थियो। हाल गाँजाको खेती तथा नियन्त्रित उपयोगका लागि विश्वका ५६ वटा देशले कानुन खुकुलो बनाएका छन् ।

गाँजाको कानुनी पक्षको बारेमा प्रस्तुत गरिएको कार्यपत्रमा लागुऔषध (नियन्त्रण) ऐन, २०३३ मा रहेको गाँजाको व्याख्याले यसको बोट र बोक्रा (रेसा) लाई उत्पादनमा रोक नलगाएकाले गाँजा खेती कानुनीरूपमा नरोकिएको उल्लेख गरिएको थियो।

ऐन जारी भएपछि नियमावली बनाउनुपर्नेमा हालसम्म बनेको छैन । हाल संसद्मा दर्ता भएको गाँजासम्बन्धी गैरसरकारी विधेयकभित्र उत्साह र चुनौती दुवै बराबर रहेको तथ्य पनि कार्यक्रममा प्रकाश पारिएको थियो।

गृहमन्त्रालयका सहसचिव डा भीष्मकुमार भुसालले गाँजाको वैज्ञानिक नाम 'क्यानाबिज स्याटिभा' वा 'क्यानाबिज इन्डिका' मात्र नभई नेपालमा पाइने अन्यत्र नपाइने गाँजालाई 'क्यानाबिज नेपालेका' वा अन्य केही नाम खोज्न आवश्यक रहेको बताउनुभयो।

सशस्त्र प्रहरी बलका प्रहरी नायब महानिरीक्षक (डिआइजी) किरण थापाले गाँजा राष्ट्रिय हितमा भए सशस्त्र प्रहरी बलको पूर्ण साथ रहने धारणा व्यक्त गर्नुभयो। सीमा क्षेत्रको सुरक्षा सशस्त्र प्रहरीले गर्ने गरेकामा गाँजाको ओसारपसार सीमा क्षेत्रमै बढी हुने हुँदा सशस्त्र प्रहरी यस विषयको सरोकारवाला भएको उहाँले बताउनुभयो।

नार्कोनन नेपालका अध्यक्ष वसन्त कुँवरले गाँजा खुला गर्ने कल्पनासमेत गर्न नहुने बताउँदै झन्डै ९० प्रतिशत मानसिक रोगी हुनाको कारण गाँजा सेवन नै रहेको तथ्य सार्वजनिक गर्नुभयो।

उहाँले भन्नुभयो, "गाँजाको सेवनबाट मानिस होसबाट बेहोसी भई संवेदनहीन हुन्छ, यसले समाजमा विखण्डन ल्याउने सम्भावनासमेत रहने तथा आतङ्कवादको स्रोत पनि गाँजालगायत अन्य लागुऔषधबाटै हुने गरेको छ, यसैले गाँजालाई प्रतिबन्ध नै राखिरहनुपर्छ, अध्ययन अनुसन्धानका लागि सुरक्षा निकायको समन्वयमा गाँजाको खेती गर्न सकिन्छ ।" कुँवरको विचारलाई खण्डन गर्दै त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक अच्युत अधिकारीले चिनियाँले विषालु गोमन साँपको टाउको फालेर मासु खाने गरेको सुनाउँदै गाँजाको पनि नराम्रो कुरालाई प्रतिबन्धित गरेर राम्रो कुरा प्रयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। वन विज्ञान प्रतिष्ठानका देवीप्रसाद भण्डारीले गाँजाको तेल (इसेंसियल ओएल) विश्व बजारमा बेच्नुपर्ने बताउनुभयो।

परिषद्का अनुसन्धान निर्देशक डा मेघनाथ धिमालले पहिला नियमावली बनाउन सके अनुसन्धानका लागि गाँजाको प्रयोग सहज हुने धारणा राख्नुभयो। प्रतिष्ठानका कार्यकारी अध्यक्ष डा विष्णुराज उप्रेतीले नेपालले गाँजाको प्याटेन्ट लिन ढिला गर्नु नहुने भन्दै यथाशीघ्र नियमावली बनाउन गृहमन्त्रालयलाई अनुरोधसमेत गर्नुभयो।

नीति निर्माणसम्बन्धी अध्ययन गर्ने संस्थालाई नीति निर्माणको वैज्ञानिक विधि प्रयोग गर्नसमेत उहाँले अनुरोध गर्नुभयो।

प्रतिष्ठानका कार्यकारी अध्यक्ष डा विष्णुराज उप्रेती र परिषद्का कार्यकारी निर्देशक डा प्रदीप ज्ञवालीले यो विषयलाई निष्कर्षमा लैजान निरन्तर बहस गरिनेमा जोड दिनुभयो।रासस

# आचारसंहिता विपरीत करका दायरा हेरफेर गरिएकोप्रति स्पष्टीकरण

काठमाण्डु । निर्वाचन आयोगलले गण्डकी प्रदेशलाई निर्वाचनको उम्मेदवारी दर्ता भइसकेको अवस्थामा करका दायराहरूमा हेरफेर गरेको भन्ने सम्बन्धमा प्रदेश सरकारलाई स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ।

आयोगले सो विषयमा प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुखसचिव र प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयलाई स्पष्टीकरण पत्र पठाइ प्रदेश सरकारबाट नीति तथा कार्यक्रम पारित भइसकेको अवस्थामा प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता भइ सकेपश्चात प्रदेश सरकारले करका दरहरूमा हेरफेर गरेको भन्ने सूचना प्राप्त भएको विषयमा आयोगको ध्यानाकर्षण भएको जनाएको हो।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ५, नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरणअन्तर्गत खण्ड (ख) मा 'वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न वा नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने' भन्ने व्यवस्था छ।

गण्डकी प्रदेश सरकारको मिति २०७९ असोज २७ गतेको प्रदेश राजपत्र (सङ्ख्या ०५) मा त्यस सरकारले विभिन्न करका दरमा छुट दिने गरी सूचना प्रकाशन गरेको विषय आर्थिक मामिला तथा योजना मन्त्रालयको वेबसाइट समेतमा प्रकाशन भएको हुँदा प्राप्त भएको समयले २४ घण्टाभित्र आयोगमा प्राप्त हुने गरी स्पष्टीकरण पेश गर्न आयोगले निर्देश गरेको छ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता सकेको तथा निर्वाचन आचारसंहिता लागु भइसकेको अवस्थामा गण्डकी प्रदेश सरकारबाट करका दायरामा हेरफेर गर्ने निर्णय गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्ने कार्यबाट निर्वाचन आचारसंहिता, २०७९ को खण्ड (ख)को उल्लङ्घन भएको देखिएकाले यहाँसमेतलाई उक्त निर्णयको लागि जिम्मेवार ठहऱ्याई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम किन कारवाही हुनु नपर्ने हो ?' आयोगको स्पष्टीकरणमा भनिएको छ।रासस

# लजभित्र गोप्य भिडियो रेकर्ड गर्ने एक पक्राउ

काठमाण्डु । नेपाल प्रहरीले लजको कोठाभित्र गोप्यरुपमा भिडियो रेकर्ड गर्ने एकजनालाई पक्राउ गरेको छ । प्रहरी वृत्त महाराजगञ्जको टोलीले असोज २ गते काठमाडौँ महानगरपालिका-३ बाँसवारीस्थित बाँसवारी रेष्ट्रो क्याफे एण्ड लजमा बस्न आउने पाहुनाको गोप्यरुपमा अश्लिल भिडियो रेकर्ड गर्ने क्याफेका म्यानेजर ४२ वर्षीय मुकेश मालीलाई पक्राउ गरी आज सार्वजनिक गरेको हो।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले गेष्ट हाउसमा बस्ने विभिन्न व्यक्तिको अश्लिल भिडियो रेकर्ड गरेकाले मालीलाई पक्राउ गरिएको जानकारी दिनुभयो। प्रहरीले पक्राउ व्यक्तिले रेकर्ड गरेको भिडियोसहित आइफोन १२ प्रो म्याक्स मोबाइल समेत बरामद गरेको छ।रासस

# आयोगका पदाधिकारीका सम्बन्धमा दिएको अभिव्यक्ति विषयमा स्पष्टीकरण

काठमाण्डु। निर्वाचन आयोगलले आचारसंहिता विपरीत विभिन्न दलका नेता, उम्मेदवारले चुनावीसभालाई सम्बोधन गर्दै आयोग र आयोगका पदाधिकारीका सम्बन्धमा दिएको अभिव्यक्तिका विषयमा ध्यानाकर्षण गरउँदै २४ घन्टाभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ।

आयोगले ती दलका नेता र उम्मेदवारले दिएको अभिव्यक्ति विषयमा अलग अलगरुपमा पत्र पठाइ स्पष्टीकरण माग गरेको हो । आयोगले नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य लक्षीराम आचार्य, सुदुरपश्चिम प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री एवं कैलालीको प्रदेशसभा क्षेत्र नं ४ (क) का उम्मेदवार दीर्घबहादुर सोडारी, नेपाली कांग्रेस, सुदूरपश्चिम प्रदेशका सभापति एवं कैलाली क्षेत्र नं ४ का प्रतिनिधिसभाका सदस्य वीरबहादुर बलायरलाई स्पष्टीकरण सोधेको हो। उहाँहरूले कैलालीको क्षेत्र नं ४ (क) को चुनावीसभालाई सम्बोधन गर्दै आचारसंहिता विपरीत कार्य गरेको पाइएको छ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ मा सबैले पालना गर्नुपर्ने आचरणअन्तर्गत खण्ड (ढ) माँ निर्वाचनको विश्वसनीयतामा वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठामा प्रतिकूल असर पर्नेगरी कुनै अवाञ्छित लाञ्छना लगाउन नहुने' व्यवस्था रहेको स्मरण गराउँदै आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ बमोजिम बनेको निर्वाचन आचारसंहिता २०७९ असोज १२ गतेदेखि लागु गरिसकेको स्पष्ट गरिएको छ।

आयोगबाट आचारसंहिता लागु भइसकेको विषयको सम्पूर्ण जानकारी रहेको अवस्थामा जिम्मेवार पार्टीको जिम्मेवार स्थानमा रहेर निर्वाचन आचारसंहिताको विपरीत हुनेगरी अभिव्यक्ति दिएको देखिएको सन्दर्भमा कुनै माध्यमबाट प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोग वा प्रदेश निर्वाचन कार्यालय, कैलालीमा स्पष्टीकरण पेश गर्न उहाँहरूलाई आयोगले भनेको छ।

तपाईंहरूले कैलालीको प्रदेशसभा क्षेत्र नं ४ (क) मा बिहीबार आयोजित कार्यक्रममा निर्वाचन आयोग नेपाल र यसका पदाधिकारी उपर लाञ्छनापूर्ण अभिव्यक्ति दिनुभएको सूचना र सोलाई पुष्टी गर्ने सामग्री आयोगमा प्राप्त भइसकेको सन्दर्भमा तपाईंले उक्त अभिव्यक्ति दिनुभएको होइन भन्ने आधार र प्रमाण के छ ?' उहाँहरूलाई सोधिएको पत्रमा भनिएको छ,ँतपाईंले सार्वजनिक मञ्चमा दिनुभएको लाञ्छनापूर्ण अभिव्यक्तिले निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ को खण्ड (ढ) को उल्लङ्घन हुन गएकाले तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिमको कारवाही किन हुनुनपर्ने हो ?'रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : धन बृद्धि सञ्चय । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**जमिनमुनीबाट पानी निकालिदै** : पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गत सप्तरीको खडक नगरपालिकास्थित कल्याणपुरमा नयाँ पक्की पुल निर्माण र पुलको पिलर हाल्नका लागि यन्त्रको सहायताले जमिनमुनिबाट पानी निकालिँदै । *तस्विर : रासस*

# जिल्लामा एक हजार सात सय ७० कृषकको छैन जमिन

चितवन । जिल्लामा एक हजार सात सय ७० घरधुरी कृषकले अर्काको जग्गा भाडामा लिएर कृषि कर्म गर्दै आएका छन् । यसरी खेती गर्नेमा स्वदेशी तथा विदेशी नागरिक रहेका छन् । जिल्लामा रहेका एक लाख आठ हजार पाँच सय ७० घरधुरीमध्ये सो सङ्ख्याका कृषकले अर्काको जग्गामा खेती गर्दै आएका हुन् ।

जग्गाको स्वामित्व हुने कृषकको सङ्ख्या एक लाख छ हजार आठ सय रहेको छ । कृषि ज्ञान केन्द्र चितवनका अनुसार जिल्लामा आफ्नो जग्गा हुने कृषकमध्ये शून्य दशमलव एक हेक्टरभन्दा कम जमिन हुने २६ हजार दुई सय ९० कृषक छन् ।

यस्तै शून्य दशमलव एकदेखि शून्य दशमलव दुई हेक्टरसम्म जमिन हुने १९ हजार आठ सय ९९ घरधुरी, ० दशमलव दुईदेखि ० दशमलव पाँच हेक्टरभन्दा कम हुने ४४ हजार एक सय ३७ घरधुरी, शून्य दशमलव पाँचदेखि एक हेक्टरभन्दा कम जमिन भएका १२ हजार तीन सय ३७ घरधुरी रहेका छन् । एकदेखि दुई हेक्टर जमिन हुने तीन हजार चार सय ४६ घरधुरी, दुईदेखि तीन हेक्टर जमिन हुने एक सय ७३ घरधुरी, तीनदेखि चार हेक्टर जमिन हुने २६ घरधुरी, चारदेखि पाँच हेक्टर जमिन हुने एक सय ९२ घरधुरी, पाँचदेखि १० हेक्टर जमिन हुने दुई सय ८१ घरधुरी र १० हेक्टरभन्दा माथि जमिन हुने १९ घरधुरी रहेको कार्यालयका प्रमुख युवराज पाण्डेले जानकारी दिनुभयो ।



यी कृषकमध्ये जिल्लाका झण्डै ८० प्रतिशत किसानले आफ्नो उत्पादनको बिमा गरेका छैनन् । बिमा नहुँदा बेलाबखत आउने प्राकृतिक विपत्तिका कारण किसानले ठूलो क्षति बेहोर्न बाध्य भएका छन् । चितवनका किसानले बाली र पशुमा नयाँ-नयाँ रोग र बर्खामा बाढीको प्रकोप बेहोर्नुपरेको छ ।

कृषि ज्ञान केन्द्र चितवनका अनुसार जिल्लामा एक लाख आठ हजार पाँच सय ६७ किसान छन् । तीमध्ये ८४ हजार आठ सय ३३ किसानले निर्वाहमुखी कृषि पेसा गरेका छन् । एक हजार चार सय ४६ किसानले मात्रै व्यावसायिक कृषि गरेको केन्द्रका प्रमुख पाण्डेले बताउनुभयो । जिल्लाका ८६ हजार दुई सय ७९ अर्थात् ७९.५ प्रतिशत किसानले कृषि बिमा गरेकै छैनन् । कृषि बिमा गरेका २२ हजार छ सय ८६ किसानमध्ये सबैभन्दा धेरै पशुपन्छी उत्पादन गर्ने किसान १८.७ प्रतिशतअर्थात् २० हजार तीन सय ४५ छन् ।

त्यस्तै बाली उत्पादनको बिमा गर्ने सात सय २४ (०.७ प्रतिशत), मत्स्यपालनको बिमा गर्ने एक सय ६० (०.१ प्रतिशत) र अन्य उत्पादनको बिमा गर्ने एक हजार चार सय ५४ जना (१.३ प्रतिशत) किसान छन् । जिल्लामा ४४ हजार पाँच सय ३७ हेक्टर कृषियोग्य जमिन छ । त्यसमध्ये ३५ हजार ८६ हेक्टर जमिनमा मात्रै सिँचाइ पुगेको उहाँले बताउनुभयो ।रासस

# पशुपति गौशाला धर्मशाखा क्षेत्रमा सम्झौताविपरीतका संरचना हटाउन निर्देशन




काठमाण्डु । पशुपति गौशाला धर्मशाखा क्षेत्रमा सम्झौताविपरीत निर्माण गरिएका संरचना हटाउन पशुपति क्षेत्र विकास कोषले ३५ दिने सूचना जारी गरेको छ ।

मारवाडी सेवा समिति नेपालले पशुपति गौशाला धर्मशाला उद्देश्य मुताविक नचलाएकाले गत असोज २६ गते नै यस्ता संरचना हटाउन पत्र पठाएको आज सार्वजनिक गरेको सूचनामा उल्लेख छ । गौशाला धर्मशाला विशुद्धरुपमा गाईपालन, नन्दी सेवा तथा तीर्थयात्रीलाई धर्मशाला (आवास) सञ्चालन मात्र गरेको हुनुपर्नेमा समितिले सम्झौता विपरीतका सेवा पनि चलाएकाले सम्झौता र मापदण्डविपरीतका संरचना ३५ दिनभित्र हटाउन सूचित गरिएको छ ।

सम्झौता र मापदण्डविपरीतका संरचना ३५ दिनभित्र नहटाएमा नियमबमोजिम भई जाने कोषले जनाएको छ । पशुपति गौशाला धर्मशाला क्षेत्रमा पसल कबल एवं स्वास्थ्य सेवा पनि सञ्चालन भइरहेको देखिन्छ ।

कोषले यसअघि करिब एक वर्षअघि कागेश्वरी मनोहरा नगरपालिका वडा नं ८ स्थित गोठाटारमा रहेको करिब पाँच सय रोपनी जग्गाको वरिपरि मिचेर बनाइएका संरचना हटाउन पनि यस्तै सूचना जारी गरेको थियो ।

यसैगरी पशुपति क्षेत्रको तिलगङ्गाका बस्तीवासीलाई मुआब्जा दिएर पटकपटक हटाउन जारी गरेको सूचनाको पनि अहिलेसम्म कार्यान्वयन गरेको छैन ।रासस

# शनिबार पनि जरिवाना बुझाउन सकिने

काठमाण्डु । स्थानीय तह सदस्य निर्वाचनमा उम्मेदवार भइ निर्वाचन खर्चको विवरण तोकिएको समयावधिभित्र नबुझाउनेमध्ये प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा रहेकाले सार्वजनिक बिदाका दिनमा जरिवाना सक्ने भएका छन् ।

निर्वाचन आयोगले गत भदौ ३१ गतेको निर्णयअनुसार निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम जरिवाना भएकोमा यसरी जरिवाना तोकिएका उम्मेदवारको नाम आगामी मङ्सिर ४ गते हुने निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलले पेश गरेको बन्दसूचीमा समावेश भएको भए त्यस्ता उम्मेदवार आफूलाई तोकिएको जरिवाना बापतको रकम उम्मेदवारको निवेदन उपर जाँचबुझ गर्ने समयसीमा (२०७९ कात्तिक ५ गते) कार्यालय समयभित्र बुझाएमा जरिवाना असुल उपर भएको कायम गरिने तय गरेको थियो ।

कात्तिक ५ गते शनिबार सार्वजनिक बिदाको दिनसमेतमा प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा कार्यालय समयभित्र जरिवाना बुझाउन व्यवस्था मिलाइएको र जरिवाना बापतको रकम नबुझाउने उम्मेदवारको हकमा बन्दसूचीबाट नाम हटाइने आयोगको समानुपातिक प्रणालीका प्रवक्ता गुरुप्रसाद वाग्लेले जानकारी दिनुभयो ।रासस

# माथिल्लो तामाकोशी एक साता बन्द हुने

**टुडे समाचारदाता**

काठमाण्डु । माथिल्लो तामाकोशी जलविद्युत् आयोजना यही कात्तिक ८ गतेदेखि एक हप्ता बन्द हुने भएको छ । आयोजनामा जडान भएका उपकरणहरूको एक साता प्राविधिक परीक्षण गरिने भएकाले परियोजनाबाट बिजुली उत्पादनसमेत बन्द हुने भएको हो ।

दीपावलीको अवसरमा कूल चार सय ५६ मेगावाट क्षमताको आयोजना बन्द गरिँदासमेत कुनै समस्या नहुने नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । आयोजनाको नियमित परीक्षणका लागि बिजुली उत्पादन बन्द गर्न लागिएको हो । आयोजनाले यही कात्तिक ७ गते रातिदेखि जलाशयको पानी घटाउने भएको छ । पानी घटाउँदा तल्लो तटीय क्षेत्रमा करिब १२ घण्टा नदीको बहाव बढ्ने भएकाले सो अवधिभर सतर्कता अपनाउन आयोजनाले आग्रह गरेको छ ।

तल्लो तटको लामाबगर, छेतछेत, गोङ्गर, जगत, टुनिटार, जामुने, भोर्ले, सिङ्गटी, नयाँ पुल, कीर्ने, खिम्तीसहित सुनकोशी नदी दोभानसम्म माछा मार्ने, नुहाउने, पौडी खेल्ने, नदी तर्ने, लुगा धुने, वस्तुभाउ लैजाने, गिटीबालुवा निकाल्ने, गाडी तार्नेजस्ता कार्य नगर्न नगराउन आयोजनाले आग्रह गरेको छ ।

यस्तै, नदी किनारमा परम्पराअनुसार मृतकको दाहसंस्कार वा धार्मिक संस्कार गर्नुपर्दा अत्यन्त सतकर्कतापूर्वक गर्न गराउन सबैमा अनुरोध गरिएको आयोजनाले स्पष्ट पारेको छ ।

# प्रतिनिधिसभामा १६ स्वतन्त्रसहित २९ उम्मेदवार

काठमाण्डु । काठमाण्डुको उत्तर-पश्चिम क्षेत्रमा अवस्थित क्षेत्र नं ७ को प्रतिनिधिसभा निर्वाचनका लागि १६ स्वतन्त्रसहित २९ जनाले उम्मेदवारी दिनुभएको छ । आगामी मङ्सिर ४ गते हुन लागेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि प्रतिनिधिसभामा १६ स्वतन्त्र र १३ राजनीतिक दलको सहभागिता रहेको छ ।

यस्तै सोही क्षेत्रको प्रदेशसभा (क)मा चार स्वतन्त्रसहित १२ र प्रदेशसभा (ख)मा तीन स्वतन्त्रसहित नौ जनाले उम्मेदवारी दिएको काठमाण्डु क्षेत्र नं ७ का प्रमुख निर्वाचन अधिकृत उषा श्रेष्ठले राससलाई जानकारी दिनुभयो । कुल ६१ हजार दुई सय ९१ मतदाता रहेको उक्त क्षेत्रमा प्रमुख राजनीतिक दलका नेताबीच नै प्रतिस्पर्धा हुने देखिएको छ । काठमाण्डु महानगरपालिकाको १६, १७, १८ र २५, नागार्जुन नगरपालिकाको १, २ र ३ वडाका साथै तारकेश्वर नगरपालिकाको ३, ४ र ५ वडा उक्त क्षेत्रमा रहेको छ ।

**को को छन् उम्मेदवार ?**

तेह्र राजनीतिक दल र १६ स्वतन्त्रसहित २९ उम्मेदवारले भाग लिएको उक्त क्षेत्रमा वाम-लोकतान्त्रिक गठबन्धनको तर्फबाट मानुषी यमी भट्टराई र नेकपा (एमाले)को तर्फबाट श्यामकुमार घिमिरे उम्मेदवार हुनुहुन्छ ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट धुव्रविक्रम मल्ल, राष्ट्रिय स्वतन्त्र पार्टीका गणेश पराजुली, हाम्रो नेपाल पार्टीका प्रवेन्द्र पोखरेल, नेपालका लागि नेपाली पार्टीका राम नेपाली, नेपाल मजदुर किसान पार्टीका किरण महर्जन, नेपाली कांग्रेस (विपी)का कमलाकुमारी शर्मा भुसाल, नेपाल आमा पार्टीका कृष्णप्रसाद दबाडी, राप्रपा नेपालका कुमार श्रेष्ठ, जनसमाजवादी पार्टी नेपालका राजेन्द्रप्रसाद श्रेष्ठ, जनसमाजवादी पार्टीका शैलेशराज श्रेष्ठले उम्मेदवारी दिनुभएको छ ।




यस्तै स्वतन्त्र उम्मेदवारका रूपमा रामवीर मानन्धर, यादवलाल कायस्थ, प्रशन्नकुमार अवाले, किरण केसी, रवीन्द्रकुमार श्रेष्ठ, ईश्वर अर्याल, प्रकाश कुँवर, भरत तामाङ, लक्ष्मणप्रसाद गजुरेल, लोकप्रसाद सिंखडा, रोजिना अवाले, राजकुमार कोइराला, मन्जुमाया तामाङ, सुजनरत्न बज्राचार्य, हेमबहादुर ढुङ्गेल र जानुका पौडेलले उम्मेदवारी दिनुभएको छ ।

प्रदेशसभा (क)मा लोकतान्त्रिक-वाम गठबन्धनको तर्फबाट वसन्तप्रसाद मानन्धर र एमालेको तर्फबाट जीवन मानन्धरले उम्मेदवारी दिनुभएको छ। यस्तै राष्ट्रिय जनमुक्ति पार्टीबाट जगदीशमान राजभण्डारी, नेपाल मजदुर किसान पार्टीबाट धर्मसेन महर्जन, राप्रपाबाट रोजिन गुरुङ, हाम्रो नेपाल पार्टीबाट रवीन्द्र मोइन श्रेष्ठ, राप्रपा नेपालबाट रत्नाकुमारी श्रेष्ठ प्रधान र जनसमाजवादी पार्टी नेपालबाट बाबुराजा प्रजापतिले उम्मेदवारी दिनुभएको छ । यस्तै प्रदेशसभा (क)मा स्वतन्त्र उम्मेदवार प्रधुमान महर्जन, सर्वज्ञ बज्राचार्य, गोपालप्रसाद माली र रवीन्द्र महर्जनले उम्मेदवारी दिनुभएको प्रमुख निर्वाचन अधिकृत श्रेष्ठले बताउनुभयो ।

काठमाडौँ क्षेत्र नं ७ को प्रदेशसभा (ख)मा लोकतान्त्रिक-वाम गठबन्धनको तर्फबाट सविन तामाङ र एमालेको तर्फबाट प्रकाश श्रेष्ठले उम्मेदवारी दिनुभएको छ । यस्तै राप्रपाबाट लालकुमार लामा, नेपाल मजदुर किसान पार्टीबाट इन्द्रकुमार बज्राचार्य, राप्रपा नेपालबाट राजन महर्जन, जनसमाजवादी पार्टी नेपालबाट शङ्करदेव लामाले उम्मेदवारी दिनुभएको छ । यस्तै प्रदेशसभा (ख)मा शिवकुमार तामाङ, दिनेश लामा र साजन केसीले स्वतन्त्र उम्मेदवारी दिनुभएको छ ।

के भन्छन् उम्मेदवारहरू ?

अब पालो नयाँ पुस्ताको भन्ने मूल अभियानका साथ वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवार बन्नुभएकी भट्टराई काठमाडौँभित्रको संस्कृति तथा सम्पदाको संरक्षण गर्दै पर्यटन प्रवर्द्धनमार्फत क्षेत्रको विकास गर्ने आफ्नो प्रमुख योजना रहेको बताउनुहुन्छ । "सहरी क्षेत्रमा संस्कृति तथा सम्पदाको संरक्षण, बस्ती क्षेत्रमा खानेपानी, ढल र विद्युत्को समस्या समाधान र काठ क्षेत्रमा कृषि र घरेलु उद्योगको विकास गर्नु मेरो प्रमुख योजना हो", उहाँ भन्नुहुन्छ ।

एमालेका उम्मेदवार घिमिरे काठमण्डु भित्रको संस्कृति, सम्पदा, संस्कार र परम्परा जगेर्ना आफ्नो मुख्य प्राथमिकता भएको बताउनुहुन्छ । "नेवारी संस्कृतिको संरक्षण गर्दै नैतिक शिक्षामा आधारित प्राविधिक शिक्षालाई जोड दिने मेरो प्रमुख एजेन्डा हो", उहाँ भन्नुहुन्छ । नगर क्षेत्रमा कौशीखेतीलाई प्राथमिकता दिने उहाँको भनाइ छ ।

सोही क्षेत्रका निवर्तमान सांसद एवं स्वतन्त्र उम्मेदवार रामवीर मानन्धर काठमाडौँ क्षेत्र नं ७ को विकासलाई पूरा गर्नका लागि आफू पुनः उम्मेदवार बनेको बताउनुहुन्छ । "म विसं २०४९ देखि यस क्षेत्रको स्थानीय जनप्रतिनिधि हुँ, यस क्षेत्रको सबै समस्या मैले बुझेको छु, विकासका अधुरा कामलाई पूरा गर्न मैले उम्मेदवारी दिएको हुँ", उहाँ भन्नुहुन्छ ।

उक्त क्षेत्रमा क्षेत्रपाटी, ठमेल, बालाजु, नयाँबजार, सोह्रखुट्टे, म्हैपी, टौडोल, माछापोखरी, वनस्थली, ढल्को, धोबीचौर, ठैँटी, नरदेवी, भुरुञ्खेल, ढोकाटोल, मच्छिन्द्रटोल, न्ह्यौखा, तीनपिप्ले, पुरानो गुह्येश्वरी, भैरवथान, गोलढुङ्गा, रानीवन, ठूलो भऱ्याङ, इचङ्गु, गैरीगाउँलगायतका क्षेत्र पर्दछन् ।रासस

# प्राविधिक टोलीद्वारा बाघ नियन्त्रण

भरतपुर । भारतमा नौ जना मान्छे मार्ने बाघ नियन्त्रणका लागि नेपाली प्राविधिक टोली भारत पुगेको छ । भारतको बाल्मिकी टाइगर रिजर्भको अनुरोधमा चितवन राष्ट्रिय निकुञ्जको प्राविधिक टोली भारत पुगेर बाघ नियन्त्रणमा लिन सहयोग गरेको हो । बाल्मिकी टाइगर रिजर्भ बिहार प्रदेश पश्चिम चम्पारण जिल्लाको उत्तर-पश्चिमी भागमा अवस्थित छ ।

चम्पारण जिल्लाको वेतिया गोवरदन भन्ने स्थानमा पुगेर बाघ नियन्त्रणका लागि प्राविधिक सहयोग गरेको निकुञ्जका वरिष्ठ पशु चिकित्सक डा विजयकुमार श्रेष्ठले बताउनुभयो । निकुञ्जको सीमावर्ती क्षेत्रमा पसेको बाघले पटक-पटक मान्छे मारेपछि सहयोगका लागि चितवन राष्ट्रिय निकुञ्जलाई अनुरोध गरिएको थियो ।



यहाँबाट डा श्रेष्ठको नेतृत्वमा प्राविधिक किरण रिजाल, तीर्थ लामा, टीका थारू, रमेश चौधरी र तेन्जिङ चौधरी गत असोज २६ गते त्यसतर्फ जानुभएको थियो । बाघ रहेको स्थान 'लोकट' गरेर दुई हात्तीको साहयताले नियन्त्रणमा लिइएको डा श्रेष्ठले बताउनुभयो । धेरै मान्छेको ज्यान लिइसकेकाले भारत सरकारको निर्देशनमा सो बाघलाई नियन्त्रणमा लिएपछि उनीहरूले सुट गरेर मारेको उहाँले जानकारी दिनुभयो ।

"एक महिनादेखि त्यहाँको प्राविधिक टोली बाघ नियन्त्रणका लागि खटिएको थियो, तर नसकेपछि हामीसँग सहयोग मागिएको हो", उहाँले भन्नुभयो, "बाघले मान्छे निरन्तर मारेपछि त्यहाँका स्थानीय र प्रहरी प्रशासनबीच द्वन्द्व चलेको थियो ।" बाघले यति धेरै मान्छे मारेको चम्पारण जिल्लामा पहिलो घटना हो । यो क्षेत्र नेपालको ठोरी नाकाबाट करिब ७० किलोमिटरको दूरीमा पर्छ ।

पहिलोपटक नेपालको प्राविधिक टोली भारत पुगेर वन्यजन्तु नियन्त्रणमा लिन सहयोग गरेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यले जानकारी दिनुभयो । "वन्यजन्तुको उद्धारमा हाम्रा प्राविधिकको अनुभव धेरै छ", उहाँले भन्नुभयो, "त्यहाँ महिनौँसम्म नियन्त्रणमा लिन नसकेको बाघ यहाँका प्राविधिक पुगेको केहीबेरमै नियन्त्रणमा आयो ।"

विसं २०७४ मा यहाँबाट बगाएर भारत पुऱ्याएको गैँडा यहाँका प्राविधिकहरू नै पुगेर डार्ट गरेर ल्याएका थिए । त्यसबाहेक यहाँका प्राविधिक भारतमा वन्यजन्तु उद्धार र नियन्त्रणमा लागि गएका छैनन् । चितवन राष्ट्रिय निकुन्जमा वन्यजन्तु उद्धार र नियन्त्रणका लागि आठ जना प्राविधिक छन् । खुला सिमानाका कारण चितवन राष्ट्रिय निकुञ्ज र बाल्मिकी टाइगर रिजर्वमा बाघ ओहोरदोहोर गर्ने गर्छन् । बाल्मिकी टाइगर रिजर्भमा ५१ बाघ छन् भने चितवन राष्ट्रिय निकुन्जमा एक सय २८ बाघ छन् ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## गजल

दुबैले आफ्नो भविस्यको मुल्य चुकाएर गरे।
माया त बाबा(आमा दुबैले मन फुकाएर गरे।

देश त्यागे हण्डर खाए सन्तानको खुशी देख्न,
उनका ओठमा हाँसो भर्न बरु शिर झुकाएर गरे।

आमा बनिन् धर्ती सधैं बा पनि त बने आकाश ,
आफ्नो अठोट र स्वर्णिम सपना रुकाएर गरे ।

धेरै महिमा र गुणगान त देखिन्छ आमाको नै,
आमाले देखाएर र बाबाले मनमा लुकाएर गरे।

सधैं उनलाई जिताउन आफू मान्दै हज्जारमा खुशी
भित्रभित्रै दुख लुकाइ आँसुको मुल सुकाएर गरे।।



**बिपेश यादव**
**सिड्नी अस्ट्रेलिया**

## टेनसन

कस्तो यो टेनसन
दुनियाले गर्दैन मेनसन
आफुखुशी बाँच्ने रहर
तर अरुलाइ भाछ टेनसन
कमाएर खानु छ
शिक्षा लिइ अघि बढनुछ
जहाँ देख्यो पैसाको कुरा
कस्तो यो टेनसन
दुनियाले गर्दैछन मेनसन
शिक्षा देखि मजदुरि
सबैमा छ पैसाको टेनसन
गर्नु पर्छ यसलाइ मेनसन
गरिखानु छ सबदिन
मरिजानु छ सबैलाइ एकदिन
पाप र पुण्यको भागि
एकदिन सबैलाइ बन्नुपर्छ
कस्तो यो टेनसन
गरौ सबैले यसलाइ मेनसन



**प्रमोद राम**
**जनकपुर ९**

## कसलाई म मानव भनु

पढन छोड्यो बाइबल,कुरान र गीता।
पतन हुँदैछ मानवमा नैतिकता ।।
कसलाई म मानव र विद्वान भनु ।
एउटा मानवमा म कसलाई गनु।।
एउटा गरिब बालक छहारीमा आराम पछि भारी टाउकोमाथि राख्न
मदत माग्दैस्
डाक्टरसंग मदत माग्दैस्
बालकस् बोझा राख्न मद्दत गरिदिनु मेरो टाउको माथि।
घर जान मलाई भइहाल्छ राति।।
मदत गरिदिनु तपाईंलाई पुण्य लाग्छ। तपाईंको मदतले हाम्रो भोक
भाग्छ।।
डक्टरस् शरीरको पीडाको उपचार मात्र गर्छु।
मनको घाउ कहा म भर्छु।।
हैन हैन मेरो कपडा फोहर हुन्छ।
अरु कहा सून्छ,अबेर भए बुढी रुन्छ।
इन्जिनियर संग मदद माग्दैस्
इन्जिनियरस् म कसरी छोउ तिम्रो भारी ।
हेर मेरो पच्चीस लाखको गाडी।।
मन्त्री हो मेरो पर्ने सालो ।
घाममा निक्लिदा हुन्छु कालो ।।
बालक नेतासँग मदत माग्दै स्
नेताजी मलाई वोझा घर लानु छ ।
मेहनतको ढिँडो र दाल खानु छ ।।
नेतास् ए म नेता हु नेता ।
भोट माग्ने बेला मात्र अर्काको खुट्टा छुन्छु ।
दुई भोट हार्दा धुरु - धुरू रून्छु ।
तिम्रो मदत गर्ने हैन मेरो काम ।
मिस्टर फलानो हो मेरो नाम ।
जनताको सेवा गर्नु हो मेरो काज ।
तिमीलाई सघाउन हुन्छ लाज ।।
रुँदै रिक्सावाला सङ्ग मद्दत माग्दैस्
ए दाई १ मलाई मद्दत गरिदिनु ।
यसको साटो दुई थोपा आँसु लिनु ।।
रिक्सावालास्
ए आँशु न बगाऊ भाई ।
तिम्रो आँसु भन्दा महँगो कहाँ छ,
मेरो प्रतिष्ठा र कमाई ।।
यहाँ,
प्रतिष्ठित माझ जिउन गार्हो छ ।
आफ्नो धन र प्रतिष्ठा मात्र प्यारो छ ।।
दया र मद्त गर्नु मानवको हो काज ।
दुःखी र असहायलाई सघाउन के को लाज ।।
के को लाज कोरु



**उपेन्द्र ठाकुर**

## ।। लक्ष्मी जयन्ती ।।

वर्ष दिनको प्रतीक्षा पछि
लक्ष्मी पुजा को चाड तिहार
आयो सबै को घर आँगन
सफ्फा सुघर छ लक्ष्मी माता
सबैको घर दुवार जाओस
झिली मिली छ धर्ती आकाश
फूलहरूमा फुलेका छन प्रीति
झलमल छ दिप सबका घरमा
खुशी उमंग छ सबका घर मा
लक्ष्मी माता सबैको घरमा
बास बसुन सबैको घर मा
धन संपत्ति दिउन सबैले गर्छ
लक्ष्मी माता को पुजा सबै को
इछ्छा पुरा गर्छ लक्ष्मी माता
धन कि देवी लक्ष्मी माता
वहाँ को महिमा अपार छ
जसले गर्छ सेवा भक्ति उसै को
भलो गर्छ माता लक्ष्मी
भविष्य छ सबै को लक्ष्मी माता
को हाथ मा चाहे बनाउ धनी
चाहे बनाउ गरीब तिम्रो मर्जी
कमलको फूल छ तिम्रो हातमा
सुनको मुकुट छ तिम्रो साथ मा
लाटोकोसेरो बनाऊ कि धनवान् बनाउ सबै लाई यी सब तिम्रै हाथमा
सबै बस्न
चाहन्छ तिम्रो साथ मा
सबै ले गर्छ तिम्रो पुजा भक्ति
तिमी दिनु माता लक्ष्मी सबै को
अन धन संपत्ति



**धनेश्वर ठाकुर**
**धनुषाधाम-४, लक्ष्मीपुर(कतार)**

## प्रयास गर्नको हार कहिले हुदैन

प्रयास गर्नको हार कहिले हुदैंन ।
लहराबाट डराएर खोला पार कहिले हुदैंन ।।

कमिला जब दाना लिएर हिड्छ ।
चढ्छ पर्खालमा सयौं चोटि तल झर्छ ।।
मनको विशवासमा सहास आउँछ ।।।

चढेर झर्छ, झरेर चढन कहिले हान मान्दैन ।
आखिर उसको मेहनत कहिले हार मान्दैन ।।

प्रयास गर्नेको हार कहिले हुदैंन ।
मुठी उको खाली हरेक चोटि हुदैन ।।

असफलता एउटा चुनोती हो , यसलाई स्वीकार गर ।
के कमि रहयो, हेर र सुधार गर ।।

जब सम्म सफल हुदैन तब सम्म भोक निन्द्रा र प्यास लाग्नु हुदैंन ।
सघर्षको मेदान छोडेर कहिले भाग्नु हुदैन ।।

केही नगरी जयजयकार हुदैंन ।
प्रयास गर्नको हार कहिले हुदैंन ।।



**पिन्टु गुरमैता यादव**
**तिरहुत-१, सप्तरी**



## ‘प्रसाद २’मा भित्रिइन् केकी

२०७५ सालको समीक्षात्मक र व्यवसायिक दुवै रुपमा सफल फिल्म ‘प्रसाद’को दोस्रो श्रृंखलामा अभिनेत्री केकी अधिकारीको प्रवेश भएको छ । स्क्रिप्ट फाइनल भएसँगै नारायणीको भूमिकामा अनुबन्ध भएकी अभिनेत्री नम्रता श्रेष्ठले अर्को फिल्मका कारण समय दिन नसक्ने भएपछि निर्माण टिमले उनको ठाउँमा केकीलाई चयन गरेको हो ।

बिहीवार निर्माता र उनीबीच सम्झौता भएको छ । ‘प्रसाद २ ’लाई ‘प्रसाद’को सिक्वेल भनिएको छ । अर्थात्, अघिल्लो श्रृंखला जहाँ अन्त्य भएको थियो त्यहींबाट सिक्वेल अगाडि बढ्ने निर्माण टिमले बताएको छ । यो हुँदा अघिल्लो श्रृंखलाकै कलाकार द्वय विपिन कार्की र नम्रता श्रेष्ठको विकल्प छैन । तर, नम्रताको ठाउँमा ‘प्रसाद २ ’मा केकी भित्रिएपछि फाइनल भइसकेकै कथामा फिल्म हुन्छ वा स्क्रिप्ट परिवर्तन हुन्छ भन्ने चासो उब्जिएको छ ।

## ‘महापुरूष’ मा मह जोडीसँग काम गर्न डरलाई आत्मविश्वासमा बदलेका अरुण र अञ्जना

सफल निर्देशक प्रदीप भट्टराई निर्देशित फिल्म ‘महापुरूष’ भाइटीकाको भोलीपल्ट अर्थात् कात्तिक ११ गतेबाट प्रदर्शनमा आउँदैछ । यो फिल्मबाट नेपाली फिल्म क्षेत्रले दुई नयाँ अनुहार पाउँदैछ । उनीहरु हुन्, अरुण क्षेत्री र अञ्जना बराईली । फिल्ममा अरुणले कलाकार हरिवंश आचार्यको छोराको भूमिका निभाएका छन् भने अञ्जना कलाकार मदनकृष्ण श्रेष्ठकी छोरीको भूमिकामा छिन् । बाल्यकालदेखि नै मह जोडीलाई सानो र ठूलो पर्दामा हेर्दै हुर्किएका उनीहरु सुरुमा काम गर्न डर लागेको भए पनि पछि डरलाई आत्मविश्वासमा बदलेको बताउँछन् । ‘मलाई डर नलागेको होइन । तर, त्यसलाई आत्मविश्वासमा बदलैं । उहाँहरूको आशिर्वाद लिएर डेब्यू गर्न पाउँदाको खुसी व्यक्त गर्ने मसँग शब्द नै छैन,’ अरुणले भने । उनी फिल्ममा अडिसनमार्फत् छनोट भएका हुन् ।



## ‘मिलन’ ट्रेलर रिलिज

कात्तिक १८ गतेबाट प्रदर्शनमा आउन लागेको त्रिकोणात्मक प्रेमकथामा आधारित फिल्म ‘ मिलन’को ट्रेलर सार्वजनिक भएको छ । सोमवार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच सार्वजनिक गरिएको ३ मिनेट १ सेकेन्ड लम्बाईको ट्रेलरमा फिल्मका तीन प्रमुख पात्रहरु कुशल शाह ठकुरी, सलोन बस्नेत र शिल्पा थापाको प्रेममा आउने विभिन्न उतार-चढावलाई प्रस्तुत गरिएको छ ।

युवापुस्ताको प्रेमकथा र वियोग रुचाउने वर्गलाई फिल्मले आकर्षित गर्न सक्ने देखिन्छ । ट्रेलरको सुरुवातमा समावेश गीतको एक अंशमा कालिन्चोकको दृश्य मनमोहक छ भने केही संवाद मनछुने छन् । टेक पौरखी राईद्वारा निर्देशित फिल्ममा शिशिर बांग्देल, सुमिन गुरुङ, जानुका पौडेल, रेजिना एक्चै मगर, डेनियल खड्का, करन थापा मगर, विशाल पहारीलगायतको पनि अभिनय छ ।



# संविधानको रक्षा गर्न र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सबै लाग्नुपर्छ- नेता सिटौला



सुरुङ्गा । नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले संविधानको रक्षा गर्न र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सबै एक भएर लाग्नुपर्ने समय आएको बताउनुभएको छ ।

लामो सङ्घर्षपछि प्राप्त उपलब्धिलाई पटक/पटक ध्वस्त पार्ने काम भएकाले संविधानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सबै जुट्ने समय आएको उहाँको भनाइ छ ।

झापाको बाह्रदशी-५ स्थित 'बाह्रदशी साहित्य तथा कला प्रतिष्ठान'ले शुक्रबार आयोजना गरेको प्रदेश प्रखण्डस्तरीय अन्तर मावि कविता प्रतियोगिता एवं पुस्तक विमोचन समारोहमा पूर्वउपप्रधानमन्त्रीसमेत रहनुभएका सिटौलाले संविधानको मर्म विपरीत हिंड्ने जो कोही निर्वाचनपछि आफैँ पाखा लाग्ने बताउनुभयो ।

हामी निर्वाचनको सम्मुखमा छौँ', नेता सिटौलाले भन्नुभयो, "पटकपटक संविधान भङ्ग गर्न खोज्नेहरूलाई जनताले नजिकबाट नियालिरहेका छन् । यस पटकको निर्वाचनमा त्यसको परिणाम उनीहरूले आफैँ भोग्नेछन्, तपाइँ हामीले केही भनिरहनु पर्दैन ।'

नेता सिटौलाले ढलिसकेको राजतन्त्रलाई बोकेर हिँड्नेहरूका दिन गइसके, त्यस्तालाई कसरी बोकेर हिँड्न सक्या होला, त्यो पार्टीको नाम उच्चारण गर्न पनि सरम लाग्नुपर्ने हो भन्नुभयो । "ढलिसकेको राजतन्त्र पुनः स्थापित गराउँछु भन्दै हिँड्नु र मरिसकेको मानिसलाई पुनः जीवित बनाउँछु भन्नु उस्तै होइन', उहाँले भन्नुभयो, "अहिले पनि हटिसकेको राजसंस्था पुनःस्थापित गराउने भन्दै हिँड्नेहरू तपाइँ हामी कहाँ आउन सक्छन्, भ्रममा नपर्नु होला ।'

फरक/फरक आस्था र विचार राख्ने हामी सबैलाई स्रष्टा र सृजनाले एकै ठाउँमा बाँध्न सक्ने भएकाले राजनीतिभन्दा साहित्य धेरै शक्तिशाली भएको नेता सिटौलाको भनाइ थियो । उहाँले सबै स्रष्टा र सृजनालाई उचित सम्मान गर्नुपर्ने बताउनुभयो ।

यसैबीच साहित्यकार तथा राजनीतिक व्यक्तित्व दयानन्द गोश्वामीद्वारा लिखित मञ्जरी कविता सङ्ग्रहको नेता सिटौलाले विमोचन गर्नुभयो । रेडक्रसकर्मीसमेत रहनुभएका गोश्वामीको 'पल्लवी' पछिको यो दोस्रो कविता सङ्ग्रह हो । एक सय ९१ वटा कविता सङ्गृहीत पुस्तक एक सय ९२ पृष्ठको छ ।

कार्यक्रममा ज्येष्ठ प्रेमिल जोडी बझारु राजवंशी-पानो राजवंशी, रत्नप्रसाद खतिवडा-लीलाकुमारी खतिवडा, अविराम साह-तारादेवी साह, हरिप्रसाद-हरिमाया पाठक, चूडामणि-चित्रादेवी दाहाल, देवकुमार-रत्नादेवी राजवंशी, दिलबहादुर-ललिमाया राई, सुनदरला-उर्मिलादेवी गणेशलाई सम्मान गरिएको थियो ।

सामाजिक व्यक्तित्वका रूपमा बाबुलाल टुडु, सुभाषचन्द्र सिंह राजवंशी, धनपति उप्रेती, चन्द्रप्रकाश योङ्हाङ, रामप्रसाद गणेश, उत्तमकुमार सुवेदीलाई सम्मान गरिएको थियो । त्यस्तै एकल महिला सीता पाठकलाई पनि सम्मान गरिएको थियो ।

स्रष्टा सम्मानतर्फ चिरञ्जीवी काफ्ले, विनोद विवश, केशव आचार्य, पवन राजवंशीलाई समेत सम्मान गरिएको थियो । त्यस्तै बाह्रदशी निवासी शीवराम लिम्बूलाई आविष्कारकका रूपमा सम्मान गरिएको थियो । त्यस्तै उत्कृष्ट नृत्यकारका रूपमा स्वीकृति सुवेदीलाई सम्मान गरिएको थियो ।रासस

# गठबन्धन राष्ट्रिय आवश्यकता : प्रधानमन्त्री




गण्डकी । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गठबन्धन राष्ट्रिय आवश्यकता भएको बताउनुभएको छ ।

पाँच दलीय गठबन्धन गण्डकी प्रदेश समितिद्वारा पोखरामा आयोजित प्रदेशस्तरीय कार्यकर्ता भेलाको शुक्रबार पोखरामा उद्घाटन गर्दै उहाँले संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि गठबन्धन भएको स्पष्ट पार्नुभयो ।

यो चुनावले संविधानको रक्षा, स्थिरतासँगै समावेशीतालाई अघि बढाउँदै राष्ट्रिय एकता स्थापित गर्ने बताउँदै उहाँले भन्नुभयो, "सबैको समावेशीता नै राष्ट्रिय एकता हुन्छ, राष्ट्रिय एकताबाट नै देश बलियो हुन्छ । यो सबैको प्रतिनिधित्व हुने व्यवस्था हो ।"

प्रधानमन्त्रीले गठबन्धनले जित्नुपर्ने आवश्यकता छ भन्नुभयो । गठबन्धनमा कुनै बहानामा शङ्का उपशङ्का गराउन नहुने बताउँदै उहाँले बोली तथा व्यहारमा तिक्तता आउने काम कसैबाट पनि हुन नहुनेमा जोड दिनुभयो । वर्तमानमा कुनै पार्टीको बहुमत आउन नसक्ने भएकाले पार्टी मिल्नुपरेको उहाँको भनाइ थियो ।

गठबन्धनमा सबैको जीत भएको उल्लेख गर्दै उहाँले यसलाई कायम राख्दा सबैको अवसर आउने बताउनुभयो । निर्वाचनमा जाँदा सबै पार्टीमा कसैले टिकट पायो या कसैले नपायो त्यसमा प्रवाह नगरी लाग्न आग्रह गर्दै उहाँले गठबन्धनको सरकार बनेमा अन्य विभिन्न अवसर उपलब्ध हुने उल्लेख गर्नुभयो ।

नेपालमा विसं २००७ देखिका विभिन्न परिवर्तन हुँदै गणतन्त्र, समावेशी लोकतन्त्र जस्ता उपलब्धि हासिल भएको बताउँदै प्रधानमन्त्री देउवाले यहाँको समावेशी लोकतन्त्र अन्य राष्ट्रका लागि पनि चासो र अध्ययनको विषय बनेको बताउनुभयो ।

गण्डकी प्रदेशमा भव्यताका साथ नवौँ राष्ट्रिय खेलकुद सम्पन्न भएको र यसले यहाँको सम्भावनालाई पनि थप उजागर गरेको प्रधानमन्त्री देउवाले बताउनुभयो । कला, संस्कृतिलगायतका धेरै विविधता रहेको यस मुलुकको समृद्धि र विकास अबको आवश्यकता भएको बताउँदै उहाँले संविधानको रक्षा, राजनीतिक स्थिरता र समृद्धिका लागि गठबन्धनको जीत अपरिहार्य भएकामा जोड दिनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्डले' निर्वाचनका लागि मात्र अहिलेको गठबन्धन नबनेको बताउनुभयो । संविधान, लोकतन्त्र र राष्ट्रको रक्षा गर्ने उद्देश्यले धेरै ठूलो मेहनतपछि बृहत्तर उद्देश्यका लागि गठबन्धन गरिएको उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "सत्ता प्राप्ति र निर्वाचन जित्नका लागि मात्र गठबन्धन बनेको होइन । बृहत्तर उद्देश्यका साथ सङ्घर्षको मैदानमा जन्मिएको गठबन्धन हो, स्थिरता, विकास र समृद्धिबाहेक यसको अर्को उद्देश्य छैन ।"

उहाँले लामो सङ्घर्षपछि प्राप्त उलब्धिको रक्षाका लागि गठबन्धन अघि आएको बताउँदै सत्ताप्राप्तिका लागि मात्र हो कि भनेर सोच्न नहुने उल्लेख गर्नुभयो । जनताको जीवनस्तरमा परिवर्तन, संविधान रक्षाको सुनिश्चितता, निरङ्कुश प्रवृत्तिको अन्त्य र आर्थिक विकासको युग सुरु नहुँदासम्म गठबन्धन कायमै रहने उल्लेख गर्नुभयो ।

अध्यक्ष दाहालले गठबन्धनमा भएको सहमतिअनुसार उम्मेदवारलाई विजयी गराउने कार्यमा लाग्न सबै पार्टीका नेता कार्यकर्तालाई आग्रह गर्नुभयो । आगामी निर्वाचनले देश, संविधान र लोकतन्त्रले जित्ने कि हार्ने भन्ने कुराको निर्धारण गर्ने भन्दै दाहालले गठबन्धनका उम्मेदवारलाई जिताउन आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "गठबन्धनको अर्को मित्रलाई भोट नहाल्नु मित्रप्रतिको घात हुन्छ । गठबन्धनका दलले इमानदारीपूर्वक एकअर्काको चिन्हमा भोट हाल्नुहोला ।"

नेकपा(एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गण्डकी प्रदेशका गठबन्धनका उम्मेदवारलाई विजयी गराउने गरी लाग्न आग्रह गर्नुभयो । उहाँले गठबन्धन दल किन बनायौं भनेर जनतामाझ जाँदा बुझाउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "विपक्षीले फैलाएको भ्रम चिर्ने गरी जनतामा जानुहोस्, गठबन्धन दलका नेता इमानदारीपूर्वक चुनावमा लागेर गठबन्धनका दललाई जिताउनुहोस् ।"

अध्यक्ष नेपालले अहिलेको गठबन्धन स्वाभाविक र प्राकृतिक रहेको बताउँदै यही गठबन्धन नै गणतन्त्रको रक्षा गर्ने मूल शक्ति भएको स्पष्ट पार्नुभयो । विपक्षी गठबन्धनलाई गणतन्त्र, सङ्घीयता र लोकतन्त्र नपचेको अध्यक्ष नेपालको जिकिर छ । जनतालाई न्याय दिन, समानता स्थापित गर्न र देशलाई विकासको बाटोमा लैजाने काम गठबन्धनको सरकारले गरेको उहाँले बताउनुभयो ।

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पाँच दलीय गठबन्धनका कार्यदल संयोजक रामचन्द्र पौडेलले राष्ट्रिय आवश्यकताअनुसार दलगत सिद्धान्तबाट माथि उठेर साझा मुद्दामा गठबन्धन एक भएको बताउनुभयो ।

संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि बनेको गठबन्धन संविधान र राष्ट्र विरोधी प्रतिगामी शक्तिका विरुद्धमा रहेको बताउँदै उहाँले त्यसलाई परास्त गरेर अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । गठबन्धन सरकारमा जाने मात्र नभई राष्ट्रको समृद्धि र विकासका लागि भएको उहाँको भनाइ छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले निर्वाचनमा दलबीचमा सिट सङ्ख्या भागबण्डा गर्दा स्वाभाविकरुपमा सबैले टिकट पाउने अवस्था नहुने कुरालाई आत्मसात् गरी अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय जनमोर्चा पार्टीका केन्द्रीय कार्यकारी समितिका अध्यक्ष रश्मीराज नेपालीले विभिन्न विमतिका बाबजुद गठबन्धन अहिलेको आवश्यकता भएको बताउँदै संविधानको रक्षाका लागि गठबन्धनका उम्मेदवारले जित्नु आवश्यक भएकामा जोड दिनुभयो । प्रतिगामी शक्तिले जित्दा अराजकतासँगै र विदेशी शक्तिको प्रभाव बढ्ने हुँदा गठबन्धनका उम्मेदवारले जित्नु अपरिहार्य भएको उहाँले बताउनुभयो ।

नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले प्राप्त उपलब्धिको रक्षासँगै विकासका लागि गठबन्धनको विजय आवश्यक भएको धारणा राख्नुभयो । नेकपा माओवादी केन्द्र गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङले गठबन्धन दलका प्रदेशस्तरीय कार्यकताको भेलाले गठबन्धनको चुनावी गतिविधिलाई थप बलियो बनाउन महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभयो ।

नेकपा एकीकृत समाजवादीका गण्डकी प्रदेश अध्यक्ष केशवलाल श्रेष्ठले गठबन्धनका उम्मेदवार भएका स्थानमा परेका बागी उम्मेदवारीलाई व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल समाजवादी पार्टीका गण्डकी प्रदेश अध्यक्ष हेमबहादुर थापाले गठबन्धनको यो अभियान निरंकुशतालाई सँधै पराजित गर्ने अभियानका रुपमा रहेको बताउनुभयो ।रासस

# इन्टरनेशनल ट्रान्सपोर्ट वर्कस फेडेरेशन एशिया प्रशान्तको उपाध्यक्षमा राई

काठमाण्डु । इन्टरनेशनल ट्रान्सपोर्ट वर्कस फेडेरेशन एशिया प्रशान्त क्षेत्रको उपाध्यक्षमा नेपाल ट्रेड युनियन कांग्रेसका उपाध्यक्ष अजयकुमार राई निर्वाचित हुनुभएको छ ।

फिलिपिन्सको राजधानी मनिलामा अक्टोबर १६ देखि १९ सम्म आयोजित सम्मेलनमा नेपालका राई उपाध्यक्षमा निर्वाचित हुनुभएको हो । सम्मेलनमा इन्टरनेशनल फेडेरेशनसँग आबद्ध रहेका एशिया प्रशान्त क्षेत्रका २५ देशका ट्रेड युनियनका प्रतिनिधि सहभागी रहेका थिए ।

एशिया क्षेत्रका दुई सय १४ प्रतिनिधि सम्मिलित सम्मेलनले जापानका सुमिनो सानलाई अध्यक्षमा निर्वाचित गरेको छ । इन्टरनेशनल ट्रान्सपोर्ट वर्कस फेडेरेशन एशिया प्रशान्त क्षेत्रमा विश्वका एक सय ५० देशमा रहेका सात सय युनिय फेडेरेशनसँग आबद्ध छन् । फेडेरेशनमा विश्वभरमा करिब दुई करोड सदस्य रहेका छन् ।

बेलायतस्थित लण्डनमा मुख्यालय फेडेरेशनले पानीजहाज, सडक यातायात, रेल यातायात, हवाई यातायात, पर्यटन, बन्दरगाहलगायतका क्षेत्रमा कार्यरत श्रमिकका पक्षमा काम गर्दै आएको छ । सम्मेलनले विश्वस्तरीय 'बेल्ट एण्ड रोड इनिसिएटिभ' (बिआरआइ) बारे आफ्नो घोषणापत्रसमेत जारी गरेको छ ।रासस

# निर्वाचनका लागि ट्रेड युनियन कांग्रेसको परिचालन समिति

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल ट्रेड युनियन कांग्रेसले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा कांग्रेस र सत्तागठबन्धनका आधिकारिक उम्मेदवारलाई विजयी गराउन परिचालन समिति गठन गरेको छ ।

कांग्रेसका निकायसँग समन्वय गरी ट्रेड युनियनका सम्पूर्ण संरचनालाई परिचालन गर्न अध्यक्ष पुष्कर आचार्यको संयोजकत्वमा आज परिचालन तथा प्रचारप्रसार समिति गठन गरिएको ट्रेड युनियनले जनाएको छ ।

# 'निर्वाचन सामान्य निर्वाचन मात्रै होइन, अग्रगमन र प्रतिगमनको लडाइ पनि हो'



काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले मंसिर ४ गते हुने निर्वाचन एउटा सामान्य निर्वाचन मात्रै नभई संविधान, लोकतन्त्र र राजनीतिक उपलब्धिको रक्षा गर्ने एउटा महत्वपूर्ण अवसरसमेत भएको बताउनुभएको छ ।

बाम लोकतान्त्रिक गठबन्धन काठमाण्डु क्षेत्र नं ७ ले शुक्रबार आयोजना गरेको उम्मेदवार परिचय कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि तयार भएको गठबन्धनलाई विजयी गराउनुपर्ने बताउनुभयो ।

देशमा अहिले प्रष्टरुपमा दुई वटा गठबन्धन आमनेसामने भएको उल्लेख गर्दै उहाँले एउटा गठबन्धन अग्रगमनतिर अर्कोपश्चगमनतिर, एउटासंविधान जोगाउनेतिर र अर्को संविधान मास्नेतिर देखिएकाले अग्रमगनको पक्षमा उभिएको आफूहरुको वाम लोकतान्त्रिक गठबन्धनको जित आवश्यक रहेको उल्लेख गर्नुभयो ।

अध्यक्ष दाहालले भन्नुभयो, "ठूलो सङ्घर्षबाट प्राप्त भएको लोकतन्त्रको उपलब्धिको रक्षाका लागि प्रष्टसँग उभिनु जरुरी छ ।" नेपाली कांग्रेस र वामपन्थी शक्तिको एकता र सहकार्यबाटै २०४६ सालको संयुक्त जनआन्दोलन सफल भएको र पञ्चायती तानाशाहीको अन्त्य भएको तथ्य पेश गर्दै अध्यक्ष दाहालले विस्तृत शान्ति सम्झौतापछि क्रमशः अगाडि बढेको सहमतिकै आधारमा वर्तमान गठबन्धन तयार भएको बताउनुभयो ।

राजनीतिक उपलब्धिको रक्षाका लागि तयार भएको गठबन्धनले यस निर्वाचन क्षेत्रको भावना बुझ्ने गरी उम्मेदवारी दिइएकाले सफल हुने विश्वास उहाँले व्यक्त गर्नुभयो । उहाँले सङ्घीय संसद्का लागि गठबन्धनको तर्फबाट अगाडि बढाइएको उम्मेदवार मानुषी यमी भट्टराई आफ्नो काम इमान्दार रुपमा पूरा गराउन सक्ने विशेष क्षमता व्यक्ति भएको धारणा व्यक्त गर्नुभयो ।

काठमाण्डु-७ का मतदाता सचेत भएको भन्दै उहाँले नेवार समुदायको कोर एरिया भएकाले पनि परिवतर्नको लक्ष्य र चाहनालाई आत्मसात् गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "यो नेवार समुदायको कोर एरिया पनि हो । यहाँ अहिले जस्तो कम्बिनेशन देखिएको छ त्यो यहाँको जनताको भावना बुझ्ने र विकास र समृद्धिको यात्रा अघि बढाउने खालको छ भन्ने मैले बुझेको छु ।"

कार्यक्रममा नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले ७० वर्षदेखि लडेर स्थापित गरेको राजनीतिक मूल्य र मान्यताको रक्षाका लागि पनि गठबन्धनको विजय जरुरी रहेको बताउनुभयो । उहाँले तत्कालीन माओवादी जनयुद्धले स्थापित गरेको राजनीतिक प्रणाली नै वर्तमान राजनीतिको मूलप्रवाह भएको बताउनुभयो ।

उहाँले प्रतिगामी शक्तिले लोकतान्त्रिक मूल्य र मान्यता उल्ट्याउन लागिपरेको भन्दै त्यस्तो गतिविधि आफूहरुलाई सह्य नहुने धारणा राख्नुभयो । पूर्व प्रधानमन्त्री भट्टराईले आगामी निर्वाचनमा जनविरोधी शक्तिलाई पराजित गर्नुको विकल्प नभएको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले लोकतन्त्रको रक्षाका लागि पनि गठबन्धनले कुनै पनि हालतमा जित्नै पर्ने धारणा राख्नुभयो । उहाँले गठबन्धनको पवित्र उद्देश्य भएकाले नेपाली जनताले समेत साथ दिने र विजयी गराउने विश्वास व्यक्त गर्नुभयो ।

वाम लोकतान्त्रिक गठबन्धनका तर्फबाट काठमाडौं क्षेत्र नं ७ मा प्रतिनिधिसभातर्फ पूर्वविद्यार्थी नेता मानुषी यमी भट्टराई उम्मेदवार हुनुहुन्छ । सो निर्वाचन क्षेत्रमा १६ स्वतन्त्रसहित २९ जनाले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका छन् ।रासस

# तीन पदका लागि ५६ जनाको प्रतिस्पर्धा, २७ स्वतन्त्र उम्मेदवार

काठमाण्डु । आसन्न मङ्सिर ४ मा हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा काठमाडौँ क्षेत्र नं ५ मा तीन पदका लागि ५६ जनाको प्रतिस्पर्धा हुने भएको छ ।

काठमाडौँ-५ स्थित संसदीय निर्वाचन कार्यालयमा विभिन्न राजनीतिक दलबाट २९ र स्वतन्त्रबाट २७ गरी ५६ जनाको उम्मेदवारी परेको कार्यालयका प्रवक्ता कमलकान्त



जोशीले जानकारी दिनुभयो ।

प्रवक्ता जोशीका अनुसार निर्वाचन क्षेत्र नं ५ प्रदेशसभा १ तर्फ दलगतरुपमा सात र स्वतन्त्र उम्मेदवार सात गरी १४ उम्मेदवार रहनुभएको छ ।

त्यसैगरी प्रदेशसभा दुईतर्फ दलगत उम्मेदवारी सात र स्वतन्त्र छ गरी कूल १३ जनाको उम्मेदवारी रहेको छ । प्रदेश १ मा २७ हजार पाँच सय ६७ र प्रदेश २ मा ४३ हजार तीन सय ५२ गरी यो क्षेत्रमा ७० हजार नौ सय १९ मतदाता रहेको प्रवक्ता जोशीले जानकारी दिनुभयो ।

जम्मा ३१ मतदान केन्द्र र ५० मतदान उपकेन्द्र रहेको निर्वाचन क्षेत्र नं ५ भित्रका केन्द्रमा स्थलगत अवलोकन गर्ने काम भइरहेको छ ।

निर्वाचन क्षेत्रभित्रका मतदान केन्द्र केकस्ता छन् भनी अवलोकन मूल्याङ्कन भइरहेको सहायक निर्वाचन अधिकृत रितबहादुर पुलामीले जानकारी दिनुभयो ।

निर्वाचन नजिकिएसँगै यस क्षेत्रभित्रका मतदानस्थल अवलोकन गर्ने कामलाई तिब्रता दिइएको छ । यस निर्वाचन क्षेत्रमा काठमाडौँ महानगरपालिका चार, टोखा नगरपालिकाको छ र बूढानीलकण्ठ नगरपालिका पाँच गरी १५ वडा समेटिएका छन् । जसमा प्रदेशसभा १ तर्फ काठमाडौँ महानगरका वडा नं २, ४ र ५ पर्दछन् । प्रदेशसभा दुईतर्फ काठमाडौँ महानगरको वडा नं ३, बूढानीलकण्ठ नगरभित्रका वडा नं ३, ४, ५, ६ र ७ तथा टोखा नगरपालिकाभित्रका वडा नं २, ३, ४, ५, ६ र ७ समेटिएका छन् ।रासस

# सिफारिस कार्यान्वयनमा तीव्रता दिन सरकारसँग आग्रह




काठमाण्डु । मानवअधिकार आयोगका कार्यवाहक अध्यक्ष डा सूर्यप्रसाद शर्मा ढुङ्गेलले आयोगका सिफारिस कार्यान्वयनमा तीव्रता दिन सरकारसँग आग्रह गर्नुभएको छ ।

आयोगले सरकारलाई कार्यान्वयनका लागि गरेका सिफारिसमध्ये १५ प्रतिशत मात्र कार्यान्वयन भएको र अरु कार्यान्वयनका लागि उहाँले आग्रह गर्नुभएको हो ।

आयोगले २० वर्षे कार्यकालमा १३ हजार एक सय आठ उजुरी परेका थिए । तीमध्ये सरकारलाई कार्यान्वयनका लागि एक हजार तीन सय चार सिफारिस गरेको छ तर सरकारले १५ प्रतिशत मात्र पूर्ण र ३८ प्रतिशत आंशिक कार्यान्वयन भएको छ ।

आयोगलेकाभ्रेकोधुलिखेलमा आयोजना गरेको 'मानवअधिकार र पत्रकारिता' विषयक तीन दिने गोष्ठीमा कार्यवाहक अध्यक्ष ढुङ्गेलले मानवअधिकार संरक्षण तथा सम्वर्द्धनमा सबै एकताबद्ध हुनुपर्ने र त्यसका लागि हातेमालो गर्न आयोग तयार रहेको बताउनुभयो ।

आयोगका कायमुकायम सचिव मुरारीप्रसाद खरेलले आयोगकोसिफारिसलाईसरकारले तीन महिनाभित्र कार्यान्वयन गर्नुपर्ने कानूनी व्यवस्था भए पनि त्यसतर्फ सरकारको ध्यान जान नसकेको बताउनुभयो । कानुनविद् काशीराज दाहालले 'सूचना हक, गोपनीयता र प्रेस स्वतन्त्रता' को विषयमा कार्यपत्र प्रस्तुत गर्दै आमसञ्चारमाध्यम र न्यायपालिका स्वतन्त्र भए मात्र लोकतन्त्र जीवन्त बनाउन सहज हुने सुनाउनुभयो ।

मिडिया एड् भोकेसी ग्रुपका निर्देशक बबिता बस्नेतले 'लैङ्गिक दृष्टिकोणमा मानवअधिकार' विषयमा कार्यपत्र प्रस्तुत गर्दै न्यायोचित समानता नै समता भएको र त्यसका लागि लैङ्गिक बजेटसमेत वृद्धि गर्दै लैजानुपर्ने धारणा राख्नुभयो । आयोगले गरेका सिफारिस प्रभावकार ीरुपमा सरकारले कार्यान्वयन नगर्दा पीडितले न्याय पाउन नसक्ने र गरेका कामको पनि उचित मूल्याङ्कन हुन नसकेको जनाएको छ ।रासस

**आयोगले २० वर्षे कार्यकालमा १३ हजार एक सय आठ उजुरी परेका थिए । तीमध्ये सरकारलाई कार्यान्वयनका लागि एक हजार तीन सय चार सिफारिस गरेको छ तर सरकारले १५ प्रतिशत मात्र पूर्ण र ३८ प्रतिशत आंशिक कार्यान्वयन भएको छ ।**

# न्यूयोर्कमा पनि दीपावलीको बिदा



**एएनआई**

न्यूयोर्क । आगामी वर्षको दीपावलीदेखि न्युयोर्क महानगरका सार्वजनिक विद्यालयमा बिदा दिइने भएको छ । न्युयोर्क महानगरका प्रमुख एरिक एडम्सले बिहीबार उक्त घोषणा गरेका हुन् ।

न्यूयोर्क विधानसभा सदस्य जेनिफर राजकुमारले दीपावलीमा बिदा दिनेसम्बन्धी कानूनी प्रस्ताव प्रस्तुत गरेका थिए । महानगरका विधायकले पनि उक्त प्रस्तावलाई अनुमोदन गरेको केवल न्युज नेटवर्कले जनाएको छ ।

प्रकाशको पर्व दीपावली मनाउने हिन्दू, बौद्ध, सिख र जैन धर्मका दुई लाखभन्दा बढी न्यूयोर्कवासीले उक्त निर्णयको स्वागत गरेका छन् ।

दीपावलीको बिदाले विद्यालयको पठनपाठनमा कुनै असर नपर्ने र नियमानुसार वार्षिक एक सय ८० दिन कक्षा सञ्चालन हुने बताइएको छ ।

# ड्रोन प्रयोगको तालिम दिन इरानी सैनिक क्राइमियामा

**एएनआई**


वासिङ्टन । इरानले रूसी सेनालाई ड्रोन प्रयोगको तालिम दिन आफ्ना केही सैनिक क्राइमिया पठाएको अमेरिकाले जनाएको छ । रूसी सेनाले युक्रेनका नागरिक पूर्वाधारलाई ड्रोनको निशाना बनाउन तेहरानबाट सहयोग लिएको अमेरिकाले आरोप पनि लगाएको छ ।

रूसी सेनाका केही कर्मचारी तालिमका निम्ति क्राइमियामा रहेका राष्ट्रिय सुरक्षा परिषद्का सञ्चार संयोजक जोन किर्बीले बताएका छन् ।

इरानमा निर्मित ड्रोन युक्रेनभर आक्रमणमा प्रयोग गर्न रूसी सेनाका जवानलाई सिकाउन इरानी सेनाका अधिकारी क्राइमिया सक्रिय भएका तथा किएभविरूद्ध इरानको संलग्नताले तेहरान रूस-युक्रेन द्वन्द्वमा प्रत्यक्षरूपमा सक्रिय रहेको पुष्टि हुने उनले बताए । इरानी सैन्य कर्मचारी क्रिमियाको भूमिमा पुगेका तथा ड्रोन आक्रमणमा रूसी सेनालाई सघाएका बताउँदै उनले मस्कोले ड्रोन प्राप्त गरिसकेको जनाएका छन् । इरानबाट भविष्यमा थप ढुवानी हुने पनि उनले बताए ।

ड्रोनको प्रयोग नजानेका रूसी सेनालाई सघाएर तेहरानले अमेरिकासँगको आणविक सम्झौता वार्तालाई अनिश्चिततातर्फ धकेलेको छ । रूसी सेनासँगको उसको बद्ध दो सम्बन्धलाई पनि वासिङ्टनले अस्वाभाविकरूपमा लिएको छ । गत सेप्टेम्बरमा अनुपयुक्त पोशाकका कारण पक्राउ परेकी एक महिलाको मृत्यु भएपछि विरोधप्रदर्शनमा उत्रिएका आफ्ना नागरिकप्रति इरान सरकार निर्मम बनेको छ ।

# नवौं राष्ट्रिय खेलकुदको भव्य समापन



कास्की । गण्डकी प्रदेशमा आयोजना गरिएको नवौं राष्ट्रिय खेलकुदको बिहीबार राति पोखरा रङ्गशालाबाट हजारौंको उपस्थितिमा भव्य समापन गरिएको छ ।

आगामी दुई वर्षपछि कर्णाली प्रदेशमा भेट्ने बाचासहित नवौं राष्ट्रिय खेलकुद पोखराबाट बिदाइ गरियो । विसं २०८१ मङ्सिर २ देखि ९ गतेसम्म कर्णाली प्रदेशले १० औं संस्करणको राष्ट्रिय खेलकुद आयोजनाको जिम्मेवारी पाएको छ । नवौंको समापन समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवाले कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री यज्ञबहादुर बिसीलाई १०औं राष्ट्रिय खेलकुदको झण्डा हस्तान्तरण गरेपछि पोखराले राष्ट्रिय खेलकुदको बिदाइ गरेको हो ।

विभिन्न सांस्कृतिक कार्यक्रम, झाँकी, मार्चपास र आतिशबाजीसहित भव्य समारोहका बीचमा नवौंको बिदाइ गरियो । पोखरा रङ्गशालामा भरिभराउ दर्शकले खुसीयाली मनाउँदै राष्ट्रिय खेलकुदको भव्य समापन समारोहमा सहभागिता जनाए । गण्डकी प्रदेशका आठ जिल्लामा गतअसोज २८ देखि कात्तिक ३ गतेसम्म नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गतका ३६ खेल सञ्चालन भए । केही गुनासा, केही अभाव र अव्यवस्थाका बीचमा समग्रमा गण्डकीमा आयोजना भएको राष्ट्रिय खेलकुद भव्य बनेको खेलकर्मीको बुझाइ छ ।

चार दशकपछि आयोजनाको जिम्मेवारी पाएको गण्डकीले भव्य गरेर प्रतियोगिता सम्पन्न गरेको हो । प्रतियोगितामा छ हजारभन्दा बढी खेलाडीले आफ्नो खेल कौशल प्रदर्शन गरे, नयाँ-नयाँ राष्ट्रिय कीर्तिमान कायम भयो र प्रतियोगिता सकियो । नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा विभागीय नेपाली सेनाको त्रिभुवन आर्मी क्लब सर्वाधिक एक सय ७२ स्वर्ण पदक जितेर च्याम्पियन बनेको छ। आर्मी लगातार तीन संस्करणमा च्याम्पियन बन्यो । यसअघि सातौं र आठौं राट्रिय खेलकुदमा पनि आर्मी सर्वाधिक पदक जितेर च्याम्पियन बनेको थियो । प्रतियोगितामा सेनाले स्वर्ण एक सय ७२, रजत एक सय १० र ८९ कास्य गरी तीन सय ७१ पदक जितेर च्याम्पियन बनेको हो ।

पहिलोपटक राष्ट्रिय खेलकुदको विजेतालाई सुन र चाँदी समावेश गरेर बनाइएको ट्रफी प्रदान गरिएको हो । यसैगरी सशस्त्र प्रहरीको एपिएफले ६५ स्वर्ण, ७२ रजत र ८२ कास्यसहित दुई सय १९ पदक जितेर द्वितीय भएको छ । नेपाल प्रहरीले ६१ स्वर्ण, ६१ कास्य र ७३ रजतसहित कूल एक सय ९५ पदक जितेको छ । घरेलु मैदानको सदुपयोग गर्दै आयोजक गण्डकी प्रदेश चौथो तथा प्रदेशहरूमध्येमा पहिलो हुन सफल भयो ।

गण्डकीले ३२ स्वर्ण, ३१ रजत ५७ कास्यसहित एक सय २० पदकसहित समग्रमा चौथो भएको छ । बागमती प्रदेशले २४ स्वर्ण, ४७ रजत र ७४ कास्य पदकसहित एक सय ४५ पदकसहित पाँचौं स्थानमा रहन सफल भयो । प्रदेश नं १ ले १० स्वर्ण, २३ रजत र ५० कास्य पदकसहित छैटौं भएको छ । सुदूरपश्चिम प्रदेश १० स्वर्ण, १० रजत ४३ कास्यसहित ६३ पदक जित्न सफल भयो । एनआरएनएले १० स्वर्ण, नौ रजत र सात कास्य गरी कुल २६ पदक जित्दा लुम्बिनी प्रदेशले छ स्वर्ण, २२ रजत र ४० कास्य गरी ६८ पदक जितेको छ । मधेस प्रदेशले पाँच स्वर्ण, आठ रजत र २६ कास्य गरी ३९ पदक जित्दा कर्णाली प्रदेशले दुई स्वर्ण, चार रजत र १२ कास्यसहित १८ पदक जितेको छ ।रासस

# कम्बोडियामा कोभिड १९ मृत्यु शून्य

**सिन्ह्वा**

सिमरीप कम्बोडिया । कम्बोडियामा अप्रिलदेखि हालसम्म कोभिड-१९ सङ्क्रमणबाट कसैको मृत्यु नभएको प्रधानमन्त्री सम्देच टेको हुनसेनले शुक्रबार बताउनु भएको छ । 'यो एक सफलता हो र कोभिडविरुद्धको लडाईमा हाम्रो संयुक्त प्रयासको परिणाम हो' उहाँले भन्नुभएको छ ।

उहाँले प्रख्यात अङ्कोर पुरातात्विक निकुञ्जबाट आफ्ना गैरकानुनी भवनहरू सार्न सहमत भएका हजारौं परिवारको भ्रमणका क्रममा गर्नुभएको सम्बोधनमा सो कुरा बताउनु भएको हो ।

दक्षिणपूर्वी एसियाली यस राष्ट्रमा जुनको अन्त्यदेखि दैनिक केसहरू फेला परेका भए तापनि शुक्रबार पहिलो पटक कोभिड १९ सङ्क्रमित शून्य भएको जनाइएको छ ।

'शुक्रवार, कम्बोडियामा कोभिड १९ सङ्क्रमित एक जना पनि फेला परेन ' हुनसेनले बताउनु भएको छ ।

यद्यपि अझै कोभिड-१९ बाट मुक्त नभएको र यहाँ अझै ५३ सक्रिय सङक्रमित रहेका कम्बोडियाको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

नोमपेन्हमा रहेको एशियन भिजन इन्स्टिच्युटका अधिकारी थोङ मेङडाभिडले महामारीको लडाइमा सफलताको श्रेय राज्यको बलियो नेतृत्व र उच्च खोप दरलाई दिइएको भन्नुभएको छ ।

# सेनाको कारबाहीमा बोको हरामका ३१ जना लडाका मारिए



**सिन्ह्वा**

अबुजा । नाइजेरियाको उत्तरपूर्वी क्षेत्रमा केही दिनयता भएको सुरक्षाका कारबाहीमा परेर कम्तीमा पनि ३१ जनाको ज्यान गएको छ ।

यहाँका सुरक्षा अधिकारीहरुले सो कुराको जानकारी दिएका छन् । ती अधिकारीहरुका अनुसार गएका केही दिनयता भएका कारबाहीका क्रममा कम्तीमा पनि ३१ जना बोको हरामका लडाका मारिएका हुन् ।

नाइजेरियाली सेनाको समन्वयमा यहाँका सबै सुरक्षा निकायहरुले बोको हरामका लडाकाहरुमाथि सो कारबाही गरेका हुन् । सो कारबाहीका क्रममा अरु ७० जना लडाका पक्राउ परेका र कैयौं हातहातियार पनि नियन्त्रणमा लिइएको जनाइएको छ ।

यहाँको सेनाका प्रवक्ता मुसा दाबामनीले दिएको जानकारीअनुसार यहाँको उत्तर पूर्वी क्षेत्रहरुमा पछिल्लो समयमा सर्वसाधारणमाथि आक्रमण गर्ने कार्यलाई निरन्तरता दिएपछि सेनाको समन्वयमा यहाँका सम्पूर्ण सुरक्षा निकायले कारबाही प्रक्रियालाई अघि सारेको बताइएको हो ।

यसक्रममा बोको हरामका केही लडाका घाइते भएका छन् भने तीन सयभन्दा बढीले आत्मसर्पण गरेको जनाएका छन् । नाइजेरियामा केही वर्षयतादेखि बोको हराम नाकको एक आतङ्ककारी समूहले आतङ्क मच्चाइरहेको छ ।

# बाढी र पहिरोमा परी छ जनाको मृत्यु

**सिन्ह्वा**

जकाता । इन्डोनेसियाको बाली रिसोर्ट टापुमा भारी मनसुनी वर्षाका कारण आएको बाढी र पहिरोमा परी कम्तीमा छ जनाको मृत्यु भएको छ ।

बाढी र पहिरोले करङगासेम, जेम्बराना, ताबनान, बाङ्ली, ग्यान्यार र बडुङ जिल्लामा क्षति पुर्याएको छ ।

सोमबारदेखि टापुमा आएको प्रकोपले पूर्वाधार, सार्वजनिक सुविधाहरू र घरहरूलाई पनि क्षति पुर्याएको बाली प्रकोप न्यूनीकरण एजेन्सीका प्रमुख आई मेड रेन्टिनले स्थानीय सञ्चारमाध्यमलाई बताएका छन् ।

जनतालाई सतर्क रहन आग्रह गर्दै सम्भावित बाढी, पहिरो, लगायत प्राकृतिक जोखिमबाट जोगिन आग्रह गरिएको छ ।

# प्यालेस्टिनी शरणार्थीका लागि तत्काल एक करोड ३० लाख डलर आवश्यक : राष्ट्रसंघ

**एएफपी**

बेरुत । प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय (युएनआरडब्लुए) ले लेबनानमा रहेका प्यालेस्टिनीहरूलाई सहयोग गर्न एक करोड ३० लाख अमेरिकी डलर सहयोग गर्न शुक्रबार अपिल गरेको छ । यूएनआरडब्लुएका प्रमुख फिलिप लाजारिनीले भन्नुभयो, "प्यालेस्टिनी शरणार्थीहरू, भीडभाड भएका शिविरहरूमा बसिरहेका छन् । लेबनानमा रहेका लगभग सबै प्यालेस्टिनी शरणार्थी गरिबीमा बाँचिरहेका छन् ।'

उहाँले युएनआरडब्लुएले परिवारलाई नगद सहयोग, प्राथमिक स्वास्थ्य सेवा र एजेन्सीका विद्यालयहरू यस वर्षको अन्त्यसम्म चलाउन 'तत्काल एक करोड ३० लाख अमेरिकी डलर' को लागि अपिल गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "लेबनानमा रहेका प्यालेस्टिनी शरणार्थीहरू 'प्राय : खाद्यान्नको अभावबीच बाँच्नु परेको हुन्छ । हाम्रो सहयोग निराशाको सागरमा एक थोपा पानी हो ।' विगत तीन वर्षदेखि लेबनान विश्व इतिहासकै सबैभन्दा खराब आर्थिक सङ्कटको चपेटामा परेको विश्व बैंकले जनाएको छ ।

लाजारिनीले भन्नुभयो, "गरिबीको अभूतपूर्व स्तर, बढ्दो बेरोजगारी दर र बढ्दो निराशाले




लेबनानी जनता र सिरियाली तथा प्यालेस्टाइनी शरणार्थीलाई गम्भीर रूपमा प्रभाव पारेको छ ।' यूएनआरडब्लुएका अनुसार लेबनानमा करिब दुई लाख १० हजार प्यालेस्टिनी शरणार्थी छन्, जसमध्ये ३० हजार सन् २०११ मा युद्ध सुरु भएपछि सिरियाबाट भागेका थिए ।

त्यहाँ १० लाखभन्दा बढी सिरियाली शरणार्थी पनि रहेका छन् । अधिकांश प्यालेस्टिनीहरू लेबनानको आर्थिक मन्दीका कारण बिग्रिएको १२ वटा आधिकारिक शरणार्थी शिविरहरूमा बस्छन् र उनीहरूको रोजगारीलगायत विभिन्न कानुनी प्रतिबन्धहरूको सामना गर्छन् । संयुक्त राष्ट्रसङ्घीय निकायका अनुसार लेबनानमा रहेका प्यालेस्टाइनी शरणार्थीमध्ये ९३ प्रतिशत गरिब छन् । यो अवस्थाले सयौंलाई युरोप पुग्ने आशामा खतरनाक समुद्री यात्रा गर्न बाध्य बनाएको छ । लेबनानको उत्तरी भागबाट आएको आप्रवासी डुङ्गा छिमेकी मुलुक सिरियाको पूर्वी भूमध्यसागरीय क्षेत्रमा डुबेको हालैको एक घटनामा १०० भन्दा बढी प्यालेस्टिनीको मृत्यु भएको छ ।

बेरुतको मार एलियास प्यालेस्टाइनी शरणार्थी शिविरमा बस्ने इमान नाम गरेकी तीन सन्तानकी आमाले भनिन्, "गरिबीका कारण मर्नु भनेको समुद्रमा मर्नुभन्दा धेरै फरक हुँदैन ।' लेबनानको जनजीवन असह्य भएको युएनआरडब्लुएले बताएको छ ।

# पूर्व प्रधानमन्त्री खान चुनावमा भाग लिन नपाउने

**एएफपी**

इस्लामाबाद । पाकिस्तानको निर्वाचन आयोगले पूर्व प्रधानमन्त्री इमरान खानलाई आगामी पाँच वर्षसम्म चुनावमा भाग लिन नदिने घोषणा गरेको छ ।

यो निर्णय राजनीतिक झगडामा अर्को मोड हो जुन खानको अप्रिल अपदस्थ हुनु अघि सुरु भयो, र यो पूर्व अन्तर्राष्ट्रिय क्रिकेट स्टार र उनको पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) पार्टीले लडिरहेका धेरै कानूनी लडाइहरू मध्ये एक भएको उहाँको वकिलले जानकारी दिएको छ ।

सत्तामा रहँदा उहाँले अनावश्क रुपमा उपहार लिएको देशको निर्वाचन आयोगले फैसला गरेपछि उम्मेदवार हुन अयोग्य घोषित गरिएको उहाँको वकिल गोहर खानले जानकारी दिएका हुन ।


ईसीपी (पाकिस्तानको निर्वाचन आयोग) ले इमरान खानलाई भ्रष्ट अभ्यासमा संलग्न भएको घोषणा गरेको छ,' गोहरले भने,'हामी यसलाइ अहिले इस्लामावाद उच्च अदालतमा चुनौती दिने छौं' गोहरले सञ्चार माध्यमलाई जानकारी दिएका छन् ।

सरकारी अधिकारीहरूले सबै उपहारहरू घोषणा गर्नुपर्छ, तर तिनीहरूलाई निश्चित मूल्यभन्दा कम राख्न अनुमति दिइएको छ ।

# सबै जना संस्कृत बोल्ने गाउँ

**एनआई**

असाम । भारतको असामको एउटा गाउँका सबै जना संस्कृत भाषा बोल्छन् । 'संस्कृतग्राम' भनेर चिनिने त्यो गाउँका बासिन्दाहरूले सन् २०१५ देखि संस्कृत भाषामै दैनिक व्यवहार गर्दै भाषिक आदान-प्रदान गर्ने गरेका छन् । कारिम्गञ्ज जिल्लाको पटियला गाउँका ६० परिवारका करिब ३०० जनाले



संस्कृत भाषालाई बोलचालको भाषाकारूपमा अङ्गीकार गरेका छन् । चाहे बालक होस् या बृद्ध सबै संस्कृत भाषामा बोल्छन् । यो गाउँका सबैलाई खुसी संस्कृतवक्ताको गाँउ भनेर चिनिन्छ । गाउँलेहरूले आगामी नयाँ पुस्ताले यसलाई निरन्तरता दिने र भाषिक चिन्तनको विकास गर्ने लक्ष्य राखेर सो अभियान चलाएको बताउँछन् ।

अत्यन्त प्राचीन र समृद्ध भाषा तर दैनिक व्यवहार र बोलिचालीका हिसाबले लुप्त हुँदै गएको भाषाको जनस्तरबाटै संवर्धन गर्ने उद्देश्यले सो अभियान चलाइएको र सन् २०१३ देखि त्यो गाँउमा नियमितरूपमा दैनिक योगशिविर समेत आयोजना गरिँदै आएको छ ।

स्थानीय दीपनाथ जो योगप्रशिक्षक पनि हुन्, उनले सो अभियानबाट नयाँ पुस्तामा आफ्नो योगजीवन र प्राचीन भाषाको संरक्षणमा टेवा पुग्ने विश्वास व्यक्त गर्छन् । त्यो गाउँमा प्रत्येक दिन बिहान ५ बजेदेखि ७ बजेसम्म योगशिविर सञ्चालन हुन्छ । त्यो शिविरमा पनि संस्कृत नै बोलिन्छ । त्यसैगरी प्रत्येक महिना गायत्री यज्ञ आयोजना गरिन्छ र सबैले त्यसमा सहभागिता जनाउँछन् ।

साठी परिवार मध्ये प्रायः सबै कृषि कर्मै संलग्न छन् । केवल १५ जना मात्र अन्य रोजगारीमा आबद्ध छन् । छिमेकी गाँउ अनिपुरबस्तीमा पनि यस्तै अभ्यास गर्न लागिएको दीपनाथले बताउँछन् । विपुल ज्ञानभण्डार भएको संस्कृत भाषा अहिले जनस्तरबाट उपेक्षित देखिन्छ भने राज्यस्तरबाट समेत त्यति ध्यान दिइएको पाइदैन । तर स्थानीयस्तरबाट भाषिक संरक्षणमा चलाइएको अभियान चारैतिरबाट प्रशंसित छ ।

# सोमालियालीलाई एक अर्ब डलर सहयोग माग

**सिन्ह्वा**

मोगादिसु । सोमालियाका कम्तीमा पनि एक ७६ लाख नागरिकको तत्कालै उद्धारका लागि कम्तीमा पनि एक अर्ब अमेरिकी डलरको सहयोग आवश्यक रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

सोमालियामा अहिले करिब ७६ लाख नागरिकलाई मानवीय सहायताको आवश्यकता परेकाले त्यसको सहयोगका लागि उक्त रकम चाहिएको बताइएको हो ।

संयुक्त राष्ट्रसङ्घीय सहायता निकायहरुले सो कुराको जानकारी दिएका हुन् ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सी तथा संयुक्त



राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसका सोमालियाली उपमहासचिव आदम अब्देलमुल्लाहले सो कुराको जानकारी दिनुभएको हो । उपमहासचिव आदम र ती निकायहरुले शुक्रबार सो कुराको जानकारी दिनुभयो ।

उहाँले भन्नुभएको छ- सोमालियामा दिनप्रतिदिन मानवीय सहायताको खाँचो परिरहेको र यसका लागि विश्वका सहयाता एजेन्सीहरुले सहयोगको मात्रालाई थप बढाउनुपर्ने आवश्यकता छ । अन्यथा केही महिनामा नै यहाँको अवस्था निकै नै नाजुक हुनेछ ।

उहाँले यहाँ खाद्यान्नको अभाव भएको, जसका कारण बालबालिकामा कुपोषणको समस्या देखिएको, कतिपय स्थानमा त औषधिको आपूर्ति पनि आवश्यक मात्रामा गर्न नसकिएको पाइएको संयुक्त राष्ट्रसंघीय निकायहरुले जनाएका छन् ।

# भावी प्रधानमन्त्रीका लागि जोनसन उपयुक्त उमेद्वारः रक्षामन्त्री

**एएफपी**

लन्डन । बेलाइतका रक्षामन्त्री बेन वालेसले पूर्व प्रधानमन्त्री बोरिस जोनसनलाई लिज ट्रसको उत्तराधिकारीको उत्कृष्ट उम्मेद्वारको रूपमा समर्थन गर्नेतर्फ आफ्नो झुकाव रहेको देखाएका छन् ।

"अहिले, म बोरिस जोनसनको पक्षमा खुल्दैछु," उनले प्रसारकहरूलाई भने, जोनसन - जसलाई गत महिना मात्र जबरजस्ती पदबाट बाहिरने वातावरण निर्माण गरिएको थियो ।

उनीमाथि लगाइएका तमाम आरोपहरू अझै अनुत्तरित नै छन् " उनले भने । बेलाइतकी प्रधानमन्त्रीले हिजोमात्र राजीनामाको घोषणा गरेकी थिइन ।

# घर जग्गा कारोबार : दुई अर्ब ५६ करोड राजस्व सङ्कलन

काठमाण्डु । विसं २०७८ असोजमा देशभरका मालपोत कार्यालयले रु सात अर्ब ३३ करोड २१ लाख १५ हजार चार सय ९६ बराबरको राजस्व सङ्कलन गरेको थियो। घर जग्गाको कारोबार अपेक्षितरुपमा राम्रो थियो। सरकारले प्राप्त गर्ने राजस्वसमेत उल्लेख्य नै थियो।

गत असोजमा भने रु दुई अर्ब ५६ करोड ९३ लाख ४८ हजार तीन सय ९३ बराबरको मात्रै राजस्व सङ्कलन भएको छ। एक वर्षको अवधिमा नै झण्डै ७० प्रतिशतका दरले राजस्व सङ्कलनमा गिरावट भएको छ। यसबाट घर जग्गाको कारोबारमा उल्लेख्यरुपमा गिरावट भएको देखिन्छ।

देशभरको कारोबारको विवरण राख्दै भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार २०७७ असोजमा रु पाँच अर्ब २७ करोड २० लाख ५३ हजार आठ सय तीन बराबरको राजस्व सङ्कलन भएको थियो।

पछिल्ला तीन वर्षको विवरण हेर्दा यस वर्षको असोजमा राजस्व सङ्कलन मात्रै होइन कित्ताकाट र लिखत पारितसमेत उल्लेख्यरुपमा घटेको देखिन्छ। त्यसको पछाडि नेपाल राष्ट्र बैंकले घर जग्गामा जाने ऋणमाथि गरेको कडाइ नै प्रमुख कारण रहेको यस क्षेत्रका जानकारको भनाइ छ।

घर जग्गामा हुने ऋण लगानीलाई केन्द्रीय बैंकले अनुत्पादक क्षेत्रका रुपमा घोषणा गरेको छ। काठमाडौं उपत्यकामा ३० प्रतिशत र उपत्यका बाहिर ४० प्रतिशत बराबर मात्रै ऋण उपलब्ध गराउने भन्ने व्यवस्था चालु आवको मौद्रिक नीतिमा गरिएको छ।

मुलुकको आर्थिक अवस्था पनि खासै राम्रो नभएको तथा लगानीका अन्य क्षेत्रले समेत कर्जा नपाएको अवस्थामा घर जग्गामा सहजै मात्रामा ऋण उपलब्ध हुने अवस्था छैन। विभागका अनुसार चालु आवको पहिलो महिनाअर्थात् गत साउनमा घर जग्गाको कारोबारबाट रु दुई अर्ब ७३ करोड ७२ लाख ४१ हजार बराबर राजस्व सङ्कलन भएको थियो। त्यस्तै गत भदौमा रु तीन अर्ब ५६ करोड २९ लाख तीन हजार नौ सय बराबरको राजस्व सङ्कलन भएको थियो।

विभागका अनुसार गत असोजमा मात्रै २७ हजार आठ सय ५० घर जग्गाको कारोबार भएको छ। त्यस्तै भदौमा एक लाख आठ हजार आठ सय ८१ वटा कारोबार भएको थियो। साउनमा भने कूल ९८ हजार ६४ वटा कारोबार भएका थिए। कारोबारको मात्रामा समेत गिरावट आएको विभागको विवरणमा देखिन्छ।

भूउपयोग नीतिअनुसार स्थानीय तहले जग्गाको वर्गीकरण गर्न समय लागेकाले पनि नापी तथा मालपोत कार्यालयमा अपेक्षा गरेअनुसारको घर जग्गाको कारोबार हुन नसकेको बताइन्छ।रासस

# धान रोप्नेदेखि काट्नेसम्म तराई र भारतका श्रमिकको भर

भरतपुर । रौतहटका उपेन्द्र पटेल प्रत्येक वर्ष यो सिजनमा धान काट्न चितवन आउनुहुन्छ। उहाँ यसरी नियमित आउन थालेको नौं वर्ष भयो। धान काट्न मात्र होइन, धान रोप्न र गोड्न समेत उहाँ चितवन आउने गर्नुभएको छ।

"यो वर्ष मात्रै तीन पटक चितवन आएँ", उहाँले भन्नुभयो, "काम सहजै पाइन्छ पैसा पनि राम्रै छ", उहाँले भन्नुभयो। उहाँले रौतहटमा रहँदा उखु छिन्ने र आफ्नो घरायसी काम गर्दै आएको बताउनुभयो। बिहीबार भरतपुर महानगरपालिका-१५ मङ्गलपुरमा धान काटिरहेको अवस्थामा भेटिनुभएका उहाँले आफूहरु समूह नै बनाएर यहाँ आउने गरेको बताउनुभयो।

यसपटक आठ जनाको टोली आएको भन्दै उहाँले ठेक्कामा काम लिने र आएको पैसा बराबर बाँडफाँट गर्ने गरेको जानकारी दिनुभयो। "आजमात्रै एक बिघा जग्गाको रु २२ हजारमा ठेक्का लिएका छौं। धान काट्ने, चुट्नेदेखि घर भित्र्याइ दिनेसम्मको जिम्मा हाम्रो हो", उहाँले भन्नुभयो। आठ जनाले दुई दिनमा एक बिघाको सबै काम सक्ने उहाँको भनाइ छ।

पटेलसँगै आउनुभएका सर्लाहीका लालबाबु झा पहिलोपटक धान काट्नका लागि चितवन आएको बताउनुभयो। उहाँले काठमाडौंमा श्रमिकको काम गर्दै आएको र धान काट्ने यो समयमा पैसा राम्रो कमाइ हुने साथीहरुले भनेका कारण आएको बताउनुभयो। उहाँले छठपर्वका



लागि पैसाको जोहो हुने भएकाले पनि धान काट्न आउनुपरेको जानकारी दिनुभयो। उहाँले दुई/चारदिन छठ मनाएपछि पुनः यहाँ आएर काम गर्ने बताउनुभयो।

यस्तै रौतहटका कृष्ण पाण्डे पनि आठ वर्षदेखि नियमितरुपमा चितवनमा धान काट्न आइरहनुभएको छ। उहाँ भन्नुहुन्छ, "यहाँ काम जति पनि पाइन्छ, कहिलेकाहीँ त काम धेरै भएका कारण भ्याइँदैन भन्नुपर्ने हुन्छ।" धेरै काम हुँदा कहिलेकाहीँ रातभर काम गरेरसमेत सक्ने गरेको अनुभव उहाँले सुनाउनुभयो। पाण्डेले एक महिनाको अवधिमा खाने बस्ने खर्चबाहेक रु २५ देखि ३० हजार जम्मा गरेर घर लैजाने गरेको बताउनुभयो। चितवनमा तराईसँगै भारतबाट पनि ठूलो सङ्ख्यामा श्रमिक धान रोप्ने र काट्ने सिजनमा आउने गरेका छन्।

पूर्वी चितवनको भण्डाराका किसान रामशरण काफ्लेले प्रत्येक वर्ष तराईबाट आउने श्रमिकलाई काम लगाउने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "यहाँ भएकाले काम गर्दैनन्, उनीहरुलाई ठेक्कामा दिएपछि हाइसन्चो हुन्छ।" काफ्लेले यस वर्ष पनि आफूले धान राप्नेदेखि काट्नेसम्म सबै जिम्मा तराईका श्रमिकलाई दिएको बताउनुभयो। "गाउँमा अधिकांश चालिस/पचास कटेका मान्छेमात्र छन्", उहाँले भन्नुभयो, "काम गर्ने युवा कोही अष्ट्रेलिया, अमेरिका त कोही खाडीमुलुकमा गए, गाउँमा काम गर्ने मान्छे भएन।"

यही अवस्था रहिरहे नेपालमा काम गरेरसमेत खाना नसक्ने अवस्था आउने उहाँको भनाइ छ। राज्यले कृषि क्षेत्रलाई प्राथमिकता राखेर काम गरेको बताउँदै आए पनि श्रमिकदेखि बीउ मलसम्म अरुकै भर पर्नुपरेको गुनासो गर्नुभयो। कृषि ज्ञान केन्द्र चितवनका प्रमुख युवराज पाण्डेले जिल्लामा धान काट्नेदेखि थन्काउनेसम्म भारतीय र तराईका श्रमिकको भर पर्नुपर्ने अवस्था रहेको बताउनुभयो। "व्यावसायिक र निर्वाहमुखी दुवै खेतीमा उनीहरुकै भर पनुपर्छ, यहाँ स्थानीयस्तरमा श्रमिक पाइन छाडेको छ", उहाँले भन्नुभयो। युवाहरु रोजगारीका लागि विदेश पलायन हुँदा र अध्ययनका लागि बाहिर जाँदा काम गर्ने मान्छेको अभाव रहेको उहाँले बताउनुभयो।

"हामीमा काम गर्ने बानीसमेत हराइसकेको छ, उहाँले भन्नुभयो", सबै कुरामा परनिर्भर छ, कसरी कृषि क्षेत्रमा समृद्धि हासिल गर्न सकिन्छ ?" कृषि काम गर्न दुःख मान्ने परिपाटीले हाम्रो कृषि प्रणालिमा नै ह्रास आउन थालेको उहाँको बुझाइ छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत विभिन्न क्षेत्रमा यन्त्रिकरणमार्फत धान रोप्ने र काट्ने काम भए पनि त्यो पर्याप्त नभएको उहाँले बताउनुभयो। चितवनमा रु ३० हजार पाँच सय हेक्टरमा धान खेती गर्ने गरिएको छ। त्यसमध्ये २२ हजार नौ सय २७ हेक्टरमा बर्खेधान र सात हजार पाँच सय ७३ हेक्टरमा चैतेधान लगाउने गरिएको छ। चैतेधान पाँच दशमलव दुई मेट्रिकटन प्रतिहेक्टर उत्पादन हुने गरेको छ भने तीन दशमलव ७९ मेट्रिकटन प्रतिहेक्टर बर्खे धान उत्पादन हुने गरेको छ। चितवनमा रहेको १९ प्रतिशत जमिनमा मात्रै खेती हुने गरेको छ।रासस

# पहाडका बसाइँ सरे, तराईकाले पहाड झरेर खेती गरे

रेसुङ्गा । पछिल्लो समय पहाडबाट बसाइँसराइ गरेर तराई झर्नेको सङ्ख्या निरन्तर बढिरहेको छ। खासगरी श्रीमान्‌ले विदेशमा कमाउने र विस्तारै परिवार विलासी जीवन बिताउनका लागि तराई झर्ने क्रमले ग्रामीण भेग सुनसान बन्दै गइरहेका छन्।

तीव्र गतिमा भइरहेको बसाइँसराइले गर्दा ग्रामीण भेगका खेतबारी बाँझो जमिनका रूपमा परिणत हुँदै गएका छन्। कृषिमा नोक्सान देखेर पहाडमा खेतबारी बाँझो राखेर तराई झर्नेह बढिरहँदा तराईका एक घरपरिवार भने पहाडी जिल्ला गुल्मीमा आएर कृषि गरी उदाहरण प्रस्तुत गरेका छन्।



कपिलवस्तुको सुद्धोधन गाउँपालिका-५ का मोहित कुमाल उमेरले ४० वर्ष पुग्नुभयो। उहाँ श्रीमतीसँगै गुल्मीको इस्मा गाउँपालिका-६ धनार्जीमा खेतीपाती गर्दै आउनुभएको छ। "पहाडका बसाइसराइँ गरेर तराईमा झरिरहँदा खाली खेतबारीमा हामीले कृषि गर्ने सोचेर यहाँ आएका हौँ", मोहितले भन्नुभयो, "तराईमा भन्दा हामीलाई यहाँ नाफा छ, थोरै लगानीमा धेरै आम्दानी भइरहेको छ।" उहाँले कम लगानीबाट बढी फाइदा भएकाले आफू निकै सन्तुष्ट रहेकोसमेत बताउनुभयो।

मोहितले मौसम अनुसारका विभिन्न खेती गर्दै आउनुभएको छ। अहिलेको मौसमअनुसार यतिबेला धान भित्र्याउने समय हो। मोहितलाई अहिले धान भित्र्याउन भ्याइनभ्याइ छ। उहाँले धनार्जी फाँटको १९ रोपनी जग्गामा गरेको खेतीबाट २५ मुरी धान उत्पादन गर्नुभएको छ। एक मौसमको खेतीबाट मात्र मोहितले एक लाख कमाउने बताउनुभयो।

उहाँका अनुसार धान मुरीको चार हजार रुपैयाँका दरले विक्री हुने गर्दछ। यस मौसम बाहेक अन्य समयमा मोहितले गहुँ र तरकारीहरू रोप्ने गर्नुहुन्छ। उहाँले स्थानीय ठाकुर भुसालको खेतमा कृषि गरिरहनुभएको छ। उहाँले बाह्रै महिना खेतबारी खाली नराखेर खेती गरी मनग्य आम्दानी गरिरहनुभएको छ।

तराईबाट झरेर पहाडमा कृषि गर्नुभएका मोहितले १८ जनालाई मौसमी रोजगार समेत दिनुभएको छ। धान खेतीको लागि रोप्दा, गोड्दा, काट्दा र ठट्याउँदा गरी औसतमा वार्षिक नौ जनाले रोजगार समेत पाएको उहाँले बताउनुभयो। त्यस्तै धान खेतीबाहेकको अन्य खेतीमा पनि औसतमा नौ जनाले गरी कूल १८ जनाले रोजगार पाएका छन्। "मैले र परिवारले मात्र काम नसकेर यहाँका स्थानीयलाई रोजगार पाएका छन्", उहाँले भन्नुभयो।

अठार वर्षसम्म बुटवलको एक पसलमा काम गर्नुभएका मोहितले काम गरुन्जेल मात्र जीविकोपार्जन भएको बताउनुहुन्छ। "मैले लामो समय पसलमा काम गरें, कमाएको पैसा कमाउञ्जेल मात्र भयो", मोहितले भन्नुभयो, "पहाडमा झरेर कृषि गरेपछि केही बचत पनि गरेको छु।" उहाँले पहाडमा जग्गाजमिन बाँझोर राख्नुको सट्टा केही न केही कृषि उद्यम गरेका चौतफी फाइदा पुग्ने बताउनुभयो।


मोहित कुमाल मंसिरदेखि वैशाखसम्मको छ महिना इट्टा बनाउन ब्यस्त हुने गर्नुहुन्छ। यो समय इट्टा पोल्न मिल्ने समय हो। बाँकी छ महिना इट्टा विक्री गर्ने समय हो। कुमालको पहलमा स्थानीयवासी ठाकुर भुसालको धनार्जी इँटा उद्योग पनि सोही स्थान धनार्जीमा रहेको छ। यहाँबाट एक नम्बरी इँटा प्रतिवटा १८ र २ नम्बरी इँटा प्रतिगोटा १७ रुपैयाँका दरले बिक्री हुन्छ। मोहितका अनुसार यो समयमा डेढ लाख इँटा बिक्री भए। कूल २६ लाख २५ हजार बराबरका इँटा बिक्री भएको इँटा उद्योगका रेखदेख गर्नुभएका मोहितले जानकारी दिनुभयो।

केही मात्रामा इँटा बिके पनि खासगरी उत्पादन अनुसार इट्टा विक्री नभएको मोहितले गुनासो गर्नुभयो। इट्टा उद्योगमा अहिले तीन लाख इँटा बिक्री नभएका छन्। यसको मूल्य ५२ लाख ५० हजार बराबर हुन्छ। "हामीसँग धेरै मात्रामा इँटा बिक्री नभएर यत्तिकै रहेका छन्", मोहितले भन्नुभयो, "यहाँ इँटा उत्पादन हुन्छ, तर कमिशनका लागि तराईबाट इँटा आइरहेका छन्।"

सरकारी निकायलाई कमिसनको लोभ र निजीहरुलाई गुणस्तरहीन हुन्छ कि भन्ने डरले इँटा बिक्री नभएको कुमालले बताउनुभयो। तराईबाट ल्याएरभन्दा यहीको माटोबाट बनेको इँटा प्रयोग गरेमा ग्रामीण भेगको उद्योगलाई पनि टेवा पुग्ने उहाँको अपेक्षा छ। धनार्जी इँटाको प्रयोग गर्न मोहितले आग्रह गर्नुभयो। "निजीभन्दा पनि सरकारी कार्यालयले पहिले ग्रामीण भेगको इँटाको प्रयोग गरेमा निजीलाई विश्वास पुग्ने छ", उहाँले भन्नुभयो। सहरको इँटाभन्दा गुणस्तरको तुलनामा केही कम नभएको उहाँको भनाइ छ।

तराईबाट पहाड झरेर खेती गर्नुभएका मोहितले सबै नेपालीले कृषिमा ध्यान दिन जरुरी रहेको बताउनुभयो। अन्य जागिरबाट आफ्नो जीविकोपार्जन काम गर्नसम्म मात्र हुने भएकाले कृषिले बचत पनि हुने उहाँको भनाइ छ। विलासी जीवन जीउनुको सट्टा नेपाली माटोमा केही न केही गर्न उहाँले सुझाउनुभएको छ। सङ्घीयतापछि गाउँगाउँमा आएको विकासका कारण पनि ग्रामीण भेगको बसाइँसराइ रोकिएको छैन। उनीहरुले नीति तथा कार्यक्रममा पनि बसाइँसराइ रोक्ने कुनै ठोस कार्यक्रम ल्याउन सकेका छैनन्।रासस

# मेलम्चीको पानी यही महिना काठमाण्डु ल्याउने तयारी



काठमाण्डु । मेलम्ची खानेपानी विकास समितिले यही महिना भित्रै उपत्यकामा पानी ल्याउने गरी आवश्यक सुधार र तयारीको काम अघि बढाएको छ। पानी ल्याउन सामान्य सुधारका काम मात्रै गर्नुपर्ने छ। आयोजनाका कतिपय संरचना, आयोजनासम्म पुग्ने सडक र पुल नबन्दासम्म तत्काल मर्मत गरेर पानी ल्याउन लागिएको समितिका प्रवक्ता राजेन्द्रप्रसाद पन्तले बताउनुभयो।

स्थायी समाधान नहुँदासम्म वर्षामा पानी ल्याउन रोकेर हिउँदमा मर्मत गरेरै ल्याउनुपर्ने अवस्था छ। गत वैशाखमा पानी पुनःवितरण सुरु गरिएकामा असारदेखि रोकिएको थियो। उहाँले भन्नुभयो, "यो वर्ष आयोजनामा कम क्षति भएकाले अघिल्लो वर्षभन्दा चाँडै पानी ल्याउन सकिनेछ।"

वर्षा सकिएकाले अस्थायीरुपमा पानी चलाउन सडक र पुल मर्मत भइरहेको छ। यस वर्ष हेडवर्कको डाइभर्सन सुरुङ, अम्बाथान अडिट सुरुङमा नदीजन्य कुरा जान नदिन पहिले नै फलामको ढोका लगाएर बन्द गरियो। यो वर्ष सुरुङमा समस्या नभएको अनुमान छ।

उहाँले भन्नुभयो, "सुरुङ सफा गर्न पर्दैन र हेडवर्कसम्म सडक पुगेमा चाँडै पानी ल्याउन सकिन्छ भन्ने लागेको छ।" गत वर्ष वर्षाले आयोजना, आयोजनासम्म पुग्ने सडक र पुलमा ठूलो क्षति पुऱ्यायो। तुलनात्मकरुपमा यो वर्ष संरचनामा कम क्षति पुगेको अनुमान छ। गेट नम्बर १ सफा गरेर चाँडै पानी पथान्तरण गर्न सकिने उहाँले बताउनुभयो।

त्यहाँका संरचना सफा गर्नु पर्दैन भन्ने अनुमान गरेपनि त्यहाँ पुगेपछि संरचनाको अवस्था थाहा हुने प्रवक्ता पन्तले बताउनुभयो। गत वर्ष नदीको तिरैतिर डोजरले सम्याएर सडक बनाइएपनि बाढीले त्यसलाई बगाएको छ। अब त्यसरी नै नदी नजिकैबाटै अस्थायीरुपमा भएपनि पहुँच सडक बनाइने छ।

कार्ययोजनामा सुरुङ चलाएपछि हरेक वर्ष साधारण निरीक्षण गर्ने र पाँचपाँच वर्षमा मर्मत गर्नुपर्ने हुनसक्छ भन्ने उल्लेख छ। सोहीअनुसार नै अहिले निरीक्षण गरिएको र त्यसमा सामान्य सुधार आवश्यक रहेको पाइएकाले त्यसलाई सुरु गरिएको छ।

आयोजनाको दीर्घकालीनरुपमा मर्मत गर्न एशियाली विकास बैंकले अध्ययन गरेकामा त्यसको प्रारम्भिक प्रतिवेदन यसअघि समितिलाई दिएको थियो। त्यसको अन्तिम प्रतिवेदन डिसेम्बरसम्ममा आएपछि नै योजनाबद्धरुपमा मर्मत र सुधारको काम अघि बढाउन सकिनेछ। अन्तिम प्रतिवेदनका आधारमा कसरी गर्ने भनेर योजना बनाइनेछ। उहाँले भन्नुभयो, "पुल, सडक र संरचना बनाउँदा कसकसले कसरी बनाउने भनी निर्णय हुनेछ र त्यसअनुसार काम अघि बढाइनेछ।"

दुई दशक पहिले निर्माण सुरु भएको आयोजनाबाट विसं २०७७ फागुनमा पहिलोपटक पानी काठमाडौं ल्याइएको थियो। पानी पथान्तरण गरेको केही महिनामा नै अर्थात् विसं २०७८ असार १ गते आएको वर्षाले आयोजनामा ठूलो क्षति पुऱ्याएको थियो। आयोजना निरीक्षणका क्रममा आयोजनाका दुई कर्मचारीको मृत्यु भएको थियो।

सोही वर्ष कात्तिकमा आएको वर्षाले आयोजनामा थप क्षति पुऱ्यायो। सरकारले अस्थायीरुपमा पहुँचमार्ग निर्माण गरेर गत वैशाखमा पुनःपानी पथान्तरण गरेको थियो। झण्डै दुई महिना पानी उपत्यकामा ल्याइएको भएपनि वर्षाले थप क्षति हुन नदिन त्यसभन्दा पहिले नै पानी ल्याउन रोकेको थियो।

काठमाण्डु उपत्यकावासीको लामो प्रतिक्षापछि मेलम्चीको पानी ल्याएर वितरण सुरु भए पनि अझै बाह्रै महिना वितरण गर्नसक्ने अवस्था छैन। विसं २०७७ असारमा आयोजनाको माथिल्लो भागमा बाढी र पहिरो आउँदा त्यस क्षेत्रमा नै ठूलो असर पुगेको छ। त्यहाँको भौगर्भिक अध्ययन सकिएपछि मात्रै त्यहाँको स्थायी समाधानमा लाग्न सकिने अवस्था छ।

आयोजनाका जम्माजम्मी कामलाई हेडवर्क, सुरुङमार्ग र प्रशोधन केन्द्र गरी तीन भागमा विभाजन गरिएको छ। यसमध्ये हेडवर्क र सुरुङमार्गको निर्माण एउटै कम्पनी र प्रशोधन केन्द्र निर्माण दुई कम्पनीले गरेका हुन्। सुरुङमार्ग र पानी प्रशोधन केन्द्र सम्पन्न भइसकेको छ। 'हेडवर्क' सम्पन्न नहुँदै बाढीले क्षति पुऱ्याएको थियो।

सरकारले विसं २०५६ मा मेलम्ची खानेपानी विकास समिति गठन गरेको थियो। आयोजना निर्माणका लागि एडिबीले सन् २००१ मा सम्झौता गरेको थियो। इटालियाली कम्पनी सिएमसी फिर्ता भएको झण्डै पाँच महिनापछि चिनियाँ कम्पनी सिनो हाइड्रोले बाँकी निर्माणका काम सुरु गऱ्यो। दुई वर्ष कोभिडले निर्माणमा अवरोध पुग्यो भने वर्षाले बनिसकेका संरचनामा क्षति पुऱ्यायो।रासस

# घट्यो सुनको मूल्य: चाँदीको स्थिर

**टुडे समाचारदाता**

काठमाण्डु । सुनचाँदी बजारमा शुक्रबार छापावाल सुनको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु छ सयले घटेर रु ९२ हजार पाँच सय तोकिएको छ। सुन अघिल्लो दिन प्रतितोला रु ९३ हजार एक सयमा कारोबार भएको थियो।



नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरणानुसार शुक्रबार तेजाबी सुनको मूल्य प्रतितोला रु ९२ हजार छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९२ हजार छ सय थियो।

त्यस्तै, चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा स्थिर रही प्रतितोला रु एक हजार एक सय ७० कायम रहेको महासङ्घले जनाएको छ।

# सरकारको चालु खाता घाटा ३७ अर्ब १८ करोड

काठमाण्डु। चालु आर्थिक वर्ष २०७९/८० को पहिलो दुई महिना अवधिमा सरकारको चालु खाता घाटा रु ३७ अर्ब १८ करोड पुगेको छ।

नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार भदौ मसान्तसम्ममा चालु खाता २९ करोड १७ लाख अमेरिकी डलरले घाटामा रहेको देखिएको हो। गत आर्थिक वर्ष २०७८/७९ को सोही अवधिमा चालु खाता घाटा रु एक खर्ब छ अर्ब आठ करोड बराबर रहेको थियो।

त्यस्तै भदौ मसान्तसम्ममा शोधनान्तर स्थिति रु २३ अर्ब ६८ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु ९४ अर्ब ८० करोडले घाटामा रहेको थियो।

चालु आर्थिक वर्षको पहिलो दुई महिना अवधिमा विदेशी विनिमय सञ्चितिमा पनि कमी आएको छ। गत असार मसान्तमा रु १२ खर्ब १५ अर्ब ८० करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चितिमा दुई दशमलव दुई प्रतिशतले कमी आई भदौ मसान्तमा रु ११ खर्ब ८९ अर्ब १६ करोड कायम भएको छ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकसँग रु १० खर्ब ५१ अर्ब ५३ करोड र बैंक तथा वित्तीय संस्थासँग रु एक खर्ब ३७ अर्ब ६३ करोड रहेको छ। भदौ मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ दशमलव तीन प्रतिशत रहेको छ।

चालु आर्थिक वर्षको पहिलो दुई महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले नौ महिनाको वस्तु आयात र सात दशमलव सात महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिएको छ।

यही अवधिमा विदेशी विनिमय सञ्चितिको कूल गार्हस्थ्य उत्पादन, कूल आयात र विस्तृत मुद्रा प्रदायसँगका अनुपात क्रमशः २४ दशमलव पाँच प्रतिशत, ६४ दशमलव छ प्रतिशत र २१ दशमलव आठ प्रतिशत रहेको छ।रासस

# धनुषा ३ मा सत्ता गठबन्धनको इमान्दारिताको अग्नि परीक्षा

**कमलेश ठाकुर**





जनकपुरधाम । आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि प्रचार-प्रसारमा उम्मेदवारहरु व्यस्त छन् । सभा गोष्ठी र औपचारिक कार्यक्रममा निर्वाचन आयोगले रोक लगाएपछि उम्मेदवारहरु अनौपचारिक रुपमै मतदाता भेटघाटलाई तीव्रता दिएका छन् । निकै चासोपूर्वक हेरिएको धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा प्रमुख दलका उम्मेदवारहरु दुई गठबन्धन बनाएर प्रतिस्पर्धामा उत्रेका छन् ।

पाँच दलीय गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता अनिल झा उम्मेदवार छन् भने नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा) गठबन्धनबाट जुली महतो उम्मेदवार छन् । दुबै नेता केन्द्रीय मन्त्री भइसकेका छन् । प्रमुख दलबाट यी दुई जना उम्मेदवार भए पनि यहाँ प्रतिनिधिसभाको लागि ३१ जनाले उम्मेदवारी दर्ता गराएका छन् । जसमध्ये दश जना राजनीतिक दलबाट र २१ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

यस अघि यहाँ तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)बाट राजेन्द्र महतो नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिलाई पराजित गरी विजयी भएका थिए । तर, यस पटक नेता महतोले क्षेत्र परिवर्तन गरी आफ्नो ठाउँमा झालाई पठाएका छन् । त्यतिबेलाका निकटतम प्रतिद्वन्दी निधि पनि यस पटक प्रत्यक्ष निर्वाचनमा सहभागी छैनन् । ०७४ को निर्वाचनमा जुली पनि भाग लिइनन् । वाम गठबन्धनबाट उनले राम सिंहलाई उम्मेदवार बनाए पनि कांग्रेस नेता निधिलाई हराउन आन्तरिक रुपमा महतोलाई नै सहयोग गरेका सुनिएको थियो ।

निर्वाचित भएको ठाउँमा महतो स्वयम नआएर झालाई पठाउनु शंकाको विषय रहेको डा. सोहन साह बताउँछन् । साहको शंकालाई एमालेको नाराले पनि पुष्टि गर्दछ । एमाले समर्थकहरु यतिबेला पर्यटक उम्मेदवार हराउनु पर्ने नारा लगाइरहेका छन् । 'उम्मेदवारी दर्ता हुनुभन्दा पहिले राजेन्द्र महतोले कर्जा उतार्न यस पटक यो क्षेत्रमा फिक्सिङ् गर्न सक्छन्, भनेर सुनिन्थ्यो,'उनले भने,'महतोको उम्मेदवारी नपर्दा कता-कता जनतालाई त्यो कुरा सत्य लाग्न थालेको छ ।'

झालाई गठबन्धनकै भर

झालाई जित निकाल्न गठबन्धनमै निर्भर हुनुपर्ने देखिन्छ । उनलाई गठबन्धनकै भर र गठन्धनकै डर छ । मुख्यत पाँच दलीय गठबन्धनको नेतृत्व गरिरहेका कांग्रेसको मत पाए लोसपा नेता झा र एमाले नेतृ महतोबीच कडा प्रतिस्पर्धा हुने सम्भावना देखिन्छ । तर यसअघि स्थानीय निर्वाचन अन्तर्गत जनकपुरधाम उपमहानगरपालिकामा कांग्रेसले गठबन्धनको उम्मेदवारसंग गरेको अन्तर्घातले लोसपा 'डेन्जर जोन'मा रहेको डा. सोहनको विश्लेषण छ तर कांग्रेस नेता विमलेन्द्र निधि स्वयम् जनकपुरधाम आएर पाँच दलीय गठबन्धनको उम्मेदवारको लागि मत मागिरहेका छन् ।निधिले मागिरहेको मत सत्ता गठबन्धनका लागि अग्नि परीक्षा झै भएको छ । उपमहानगरपालिकाको कार्यपालिकाको चुनावमा निधिको भूमिका पार्टीको प्रतिकूल देखिएका कारण निधिको मत मगाइमा विश्वासको संकट देखापरेको छ । हुनत झाको जयपराजयसंग निधिको राजनीतिक भविष्य पनि गाँसिएकाले निधिका लागि पनि झालाई विजय गराउने गहन भूमिका निर्वाहको यथार्थालाई नकार्न सकिदैन अतः कांग्रेस र निधिका लागि झालाई विजयी गराउने दायित्व अग्नि परीक्षा सरह नै भएको छ ।

डा. साहका अनुसार मधेशवादी दलहरु जहिले पनि पहिचानको मुद्दासहित आन्दोलनको रापतापमा चुनावमा होमिदा राम्रो स्थान ल्याएका थिए । तर यस पटक त्यो अवस्था छैन् । 'यस पटक मधेशको दुई तीन ठाउँबाट गलत सन्देश जान सक्छ । मधेश विरोधी भनेर प्रचार गरिएका दलसँग मधेशवादी दल चुनावी तालमेल गर्नु र मधेशको आधार स्तम्भ रहेको ठाउँमा एमालेलाई रातो कार्पेटमा स्वागत गर्नुले मधेशको बारेमा नराम्रो सन्देश जान सक्छन्,'उनले भने, ' कतिपय ठाउँमा मधेशवादी दलका नेताहरु व्यक्तिगत स्वार्थका कारण म्याच फिक्सिङ् गरेजस्तै गरेका छन् ।' अनिल झाले गठबन्धनबाट ६० प्रतिशतभन्दा तल नै मत पाउने उनको अनुमान छ ।

'कांग्रेसले सधैं गठबन्धनसँग विश्वासघात गर्दै आएका छन् । त्यो नौलो कुरा होइन् । धनुषा ३ मा अनिल झाले पाँच दलीय गठबन्धनबाट ६० देखि ७० प्रतिशत सम्मको मत ल्याउन सक्छन्,'उनले भने, 'बरु जातिगत मत बढी पाउन सक्छन् ।'

स्थानीय निर्वाचनमा दलहरुले पाएको मत केलाउँदा यस क्षेत्रमा कांग्रेस ठूलो दल छ । यहाँ ४१ वटा वडा छन् । १८ वटा वडामा कांग्रेसका उम्मेदवार विजयी छन् । एमाले दश र जसपा पाँच वडामा निर्वाचित छन् । स्थानीय तहमा कमजोर देखिएको लोसपालाई गठबन्धनभित्र कांग्रेसको मत नपाए प्रतिस्पर्धामा पनि नआउने बताइन्छ । स्थानीय निर्वाचनमा वडाध्यक्षका उम्मेदवारहरूले पाएको कुल मत हेर्दा कांग्रेस सबैभन्दा बढी शक्तिशाली देखिन्छ ।

कांग्रेसले स्थानीय निर्वाचनमा २३ हजार तीन सय ४९ मत ल्याएर पहिलो र १६ हजार एक सय ८९ मत ल्याएर एमाले पनि दोस्रो नम्बरमा छन् । तर पाँच दलिय गठबन्धनबाट उम्मेदवार उठाएका लोसपाले मात्र ८ हजार चार सय ९० मत पाएका छन् । यहाँ जसपाको ८ हजार दुई सय ४३ मत छ । त्यस क्षेत्रमा एकीकृत समाजवादीका वडाध्यक्षका उम्मेदवारहरूले ३ हजार दुई सय ८३ मत पाउँदा माओवादी केन्द्रका वडाध्यक्षहरूले ६ सय ५६ मात्रै मत पाएका छन् ।

# हजुरलाई किन भोट दिने ?



ब्लग :



श्यामसुन्दर शशि

निर्वाचन जति जति नजदिकिदै छ, उम्मेदवारहरुको चुरिफुरी त्यही अनुपातमा बढदो छ । जातीय संघसंघटनदेखि पार्टीका शुभेच्छुक संघ संस्थासम्म सक्रिय छन् । आकर्षक नारा, घोषणा र प्रतिबद्धताको बाजार गरम छ । गाउ, टोल, नगर, डगर विभिन्न रंगको बैनर, ध्वजा, पताकाले रंगिएका छन् । उम्मेदवारहरुको घोषणा र प्रतिबद्धतापत्र पढदा, सुन्दा र देख्दा लाग्छ- 'को बड छोट, कहत अपराधु' अर्थात् कुनै उम्मेदवार कम छैनन् । सबै एकसेएक । आम मतदाता असमञ्जसमा छन् - यी महावीरमध्ये कसलाई भोट हालौं, कसलाई नहालौं । योग्यहरुको बीचमा एकलाईमात्र छान्नु भनेको अर्को योग्यसंग अन्याय गर्नु सरह हुनेछ । फराकिलो हृदय भएका मतदाता भन्दैछन् -निर्वाचन आयोगले सबैलाई मत हाल्ने व्यवस्था गरिदिएको भए कति जाति हुन्थे ? न कसैसंग रिस राग हुने । न कोहि हार्ने अनि समाजिक सद्भाव पनि कायम रही रहने । ६ सय १ सदस्यीय संविधानसभा देखेका नेपालीका लागि ६ हजार १ सदस्यीय प्रतिनिधिसभा कुनै नौलो विषय भएन ।

तर अर्काथरि मतदाताहरु राम्रा उम्मेदवारको खोजीमा भौतारि रहेका छन् । अलि जान्ने बुझ्ने । न्यूनतम् नैतिकता प्रदर्शन गर्न सक्ने । देश विदेश बुझेका अनि आफ्नो क्षेत्रका हावा - पानी, रहन-सहन, रिति-थिति, दुःख-दर्द बुझेका उम्मेदवारको खोजीमा छन उनीहरु । नभेंटेपछि उनीहरु निर्वाचन आयोगसंग गुहार लगाउँन थालेका छन् - हामीलाई ' नो भोट'को अधिकार दिनोस । एक पटक जितेपछि पाँच वर्षका राजा बन्नेहरुलाई फिर्ता बोलाउँने अधिकार अर्थात् 'राईट टू रिकल'को प्रावधान राख्न निर्वाचन आयोगसंग हार गुहार गर्दैछन् । पटक पटक जितेर, सरकारमा गएर पनि मुलुकलाई लिकमा ल्याउन सक्ने सदाबहार नेताजीहरुलाई तह लगाउँन नो भोट अर्थात् राईट टू रिजेक्ट र राईट टू रिकलको व्यवस्था राख्नु आवश्यक भएको छ ।

चुनावी मैदानमा उत्रिनु पूर्व राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरु मतदातासंग लिखित तथा मौखिक प्रतिबद्धता व्यक्त गर्ने परम्परा छ । जसलाई सरल भाषामा घोषणापत्र वा प्रतिबद्धता पत्र भनिन्छ । आफ्नो घोषणापत्र मार्फत दल तथा उम्मेदवारहरु पाँच वर्षे कार्यकालको स्वेतपत्र जारी गर्छन् - शिक्षा र स्वास्थ्यको क्षेत्रमा उल्लेख्य योजना ल्याउने छु । नागरिकताविहीनलाई नागरिकता दिलाउँने छु । सडक, नाला, कुलोको संजाल बनाउँने छु । विदेश जाने बाध्यतालाई अन्त्य गरी देशमै रोजगारीको मूल फुटाउने छु । सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सबल बनाउँने छु, जनकपुरधामलाई पर्यटकीय गन्तव्य बनाउँने छु । मठ मन्दिरको जग्गा संरक्षण र सौन्दर्यकरण गर्ने छु । जनकपुरधामलाई स्वच्छ, सफा र सम्मुन्त नगर बनाउने छु । लैण्डफिल साईटको व्यवस्थापन गर्ने छु । ....आदि आदि,'

> आदरणीय मतदाताहरुसंग अनुरोध उनीहरुसंग सोध्नोस् -हजुरलाई किन भोट दिने ? यदि उनीहरुले वासी प्रतिबद्धता दोहोराउनु भो भने भन्नु होस् - अर्को चुनावको प्रतीक्षा गर्नोस् । विश्वासिलो नयाँ कुरा गर्नु भयो भने आशीर्वाद दिनु होस् ।

आदरणीय मतदाताहरुसंग मेरो सहज सवाल छ - 'यी र यस्ता आश्वासन(घोषणा) यस अघि सुन्नु भएको हो कि होईन ? हो, भन्ने आज यिनै आश्वासन लिएर मत माग्न आउँने दल र उम्मेदवारहरुसंग हजुरहरुले सोध्नु परेन - गत निर्वाचनमा गरेको वाचा खोई पूरा गरेको ? पटक पटक उही आश्वासन लिएर मत माग्न आउँदा लाज लाग्दैन ? आफ्नो आश्वासनसम्म स्मरण राख्न नसक्ने नेता हामी हजारौं मतदाताको अनुहार कसरी सम्झिरहन सक्छ ? पटक पटक एउटै आश्वासन बाइनेलाई भोट दिन्न ।

२०१५ सालमा मुलुकमा पहिलो आम निर्वाचन भएको थियो । नेपाली कांग्रेस दुई तिहाई बहुमत लिएर सरकार बनाएको थियो । थोर बहुत सिट कम्युनिष्ट र राजावादीहरुलेपनि जितेका थिए । तर २०१५ सालमा यी दलहरुले मतदाता सामु गरेका अनेकौ वाचा अझैसम्म पूरा गर्न सकेका छैनन् । त्यतिवेलाका राजनीतिक दलहरुले कृषि, शिक्षा, स्वास्थ्य, रोजगारीआदिलाई प्राथमिकता दिएर घोषणापत्र जारी गरेको थियो । समाजवादको परिकल्पनासमेत गरिएको थियो तर पहिलो आम निर्वाचन भएको ६४ वर्षपछि पनि मुलुकका अन्नदाता किसानहरु समयमा मल, बीउ पाउन सकेका छैनन् । सिंचाइको समुचित व्यवस्था हुन सकेको छैन । शिक्षा र स्वास्थ्यको अवस्थामा थोर बहुत सुधार भए पनि लाखौं छात्र विदेश पढन जादैछन् । लाखौं नेपाली विदेशी भूमिमा रोजगारी गर्दै छन् ।

यस अवधिमा सात वटा संविधान निर्माण भए । पटक पटक व्यवस्था परिवर्तन भयो तर मुलुकको स्थायी सत्तामा कुनै परिवर्तन आएन । सत्तासंग टाँसिएर केही जनाको जीवनमा सुधार भएको होला तर आम नेपाली अझै पनि सत्ताको स्वाद चाख्न सकेका छैनन् । यसका धेरै कारणहरुमध्ये एक हो -' नयाँ बोतलमा पुरानै शराव । ' व्यवस्था परिवर्तन भए पनि उहि नेता र यिनका सखा सन्तानहरु स्थायी सत्ताका हकदार भए । आम मतदाताको पहुंच नेतृत्वसम्म हुन सकेन । एक आध पुगे पनि सत्ता र भत्तामै रमाए । मतदाता भने ठन ठन गोपाल ।

अचेल आदरणीय मतदाताहरुको घर दैलोमा उम्मेदवारहरुको ओइरो लागेको होला । पाँच वर्षसम्म दर्शनसमेत नदिएका यी नेताजीहरुमध्ये कोही साष्टाङ दण्वत गर्दै होलान् । कोही चप्पलको फित्ता लगाउँदै होलान् । कोही तपाईको भान्सा कोठामै पुगेर संगै खाना खाई रहेका होलान् । फेरि उहि वासी प्रतिबद्धता दोहराई रहेका होलान् । आदरणीय मतदाताहरुसंग अनुरोध उनीहरुसंग सोध्नोस् -हजुरलाई किन भोट दिने ? यदि उनीहरुले वासी प्रतिबद्धता दोहोराउनु भो भने भन्नु होस् -अर्को चुनावको प्रतीक्षा गर्नोस् । विश्वासिलो नयाँ कुरा गर्नु भयो भने आशीर्वाद दिनु होस् ।

# मुस्लिम र थारुलाई मधेशी कल्सटरमा राखेकोमा विरोध

**टुडे समाचारदाता**





जनकपुरधाम । मधेशी आयोगले थारु र मुस्लिम सामुदायलाई मधेशी कल्सटरमा राख्नुपर्ने राष्ट्रपति समक्ष गरेको सिफारिसको चर्को विरोध भएको छ ।

संविधानमा थारु र मुस्लिम, मधेशी लगायतका छुट्टाछुट्टै कल्सटर भए पनि मधेशी आयोगका अध्यक्ष विजय दत्तले थारु र मुस्लिम सामुदायलाई पनि मधेशी कलस्टरमा समावेश गर्नुपर्ने सहितको प्रतिवेदन दुई दिन अघि राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएका थिए ।

त्यसको मुस्लिम र थारु सामुदायको अगुवा नेताहरुले चर्को विरोध गरेका छन् । मुस्लिम आयोगका सदस्य अर्शद मिजाले थारु र मुस्लिम सामुदायलाई मधेशी कल्सटरमा राख्नपर्ने मधेशी आयोगको सिफारिस खेदजनक तथा दुःखद रहेको टिप्पणी गरेका छन् ।

मधेशी आयोगजस्तै मुस्लिम आयोग, थारु आयोग पनि संवैधानिक आयोग रहेको बताउँदै आयोगका सदस्य मिर्जाले सामाजिक संजाल फेसबुकमा लेखेका छन्,'मधेशी आयोगले आफ्नो क्षेत्राधिकार र संविधान विपरीत विवादास्पद कामको सिफारिस गर्नुलाई ठिक भनि कदापि स्वीकार्य गर्न सकिदैन ।'

मुस्लिम आयोगले पाएको जिम्मेवारी र अधिकारमा निहित रही उर्जाका साथ काम गरिरहेको बताउँदै सदस्य मिर्जाले मुस्लिम सामुदाय र थारु सामुदायको आरक्षण सम्बन्धी कानून तत्काल पारित गर्न नेपाल सरकारसंग मागसमेत गरेका छन् ।

यता, मधेशी आयोगका अध्यक्ष विजय दत्तले १ सय ४९ जातलाई मधेशी कल्सटरमा र थप मुस्लिम र थारु समुदायलाई अलगबाट मधेशी कलस्टरमा सिफारिस गरिएको बताए ।

मुस्लिम समुदाय र थारु समुदायको आरक्षण सम्बन्धी कानून पारित नभएको अवस्थामा तत्कालका लागि मात्रै मधेशी कल्सटरमा समावेश गर्न सिफारिस गरिएको अध्यक्ष दत्तले दाबी गरे ।

मधेशी आयोगले मुस्लिम, थारु आयोगको क्षेत्राधिकार तथा संविधान विपरीत काम नगरेको दाबी गर्दै अध्यक्ष दत्तले केही थारु र मुस्लिम समुदायकै सल्लाह अनुसार आफूले मुस्लिम र थारुलाई तत्कालका लागि मधेशी कल्सटरमा राख्न सिफारिस गरेको बताए ।

# चुनावी माहोल तात्दै, मतदाता जोड घटाउमा व्यस्त

**ओम प्रकाश यादव**



रौतहट । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि रौतहटमा चुनावी सरगर्मी बढेको छ । जिल्लामा चार प्रतिनिधिसभा र आठ प्रदेशसभा सदस्यका लागि हुने निर्वाचनमा विभिन्न दल तथा स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गरेसंगै जनताको घरदेलौमा पुगेर मत माग्न थालेपछि जिल्लाको चुनावी माहोल तातेको छ ।

पूर्व प्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपालसहित विभिन्न पार्टीका केन्द्रीय नेताहरू चुनावी प्रतिस्पर्धामा रहेकाले जिल्लामा यतिबेला चुनावी माहोल तातेको छ ।

चुनावी तयारीलाई तीव्र पारेको सत्तारुढ पाँच दलीय गठबन्धन र नेकपा एमाले-जसपा गठबन्धन छुट्टाछुटै बैठक, भेला र घरदैलोलाई तीव्रता दिएका छन् ।

उम्मेदवारले आफ्नो र दलको एजेण्डा बोकेर जनतामाझ पुग्न थालेका छन् । उम्मेदवारहरुलाई यतिखेर मतदाता भेटन भ्याइ नभ्याइ रहेको छ । आ-आफना विभिन्न चुनावी एजेण्डा लिएर उम्मेदवार विहानदेखि अबेर रातिसम्म जनताको घरदैलोमा पुगेर मत मागिरहेका छन् ।

जनताको घरदैलोमा पुगि उनीहरु आ-आफना पक्षमा मतदान गरी विजयी गराउन मतदाताहरुलाई आग्रह गरिरहेका छन् । दलका नेता कार्यकर्ता र झण्डासहित उम्मेदवारहरु गाउँगाउँ पुग्न थालेपछि यतिबेला सहरी क्षेत्रमा मात्र नभइ, ग्रामीण भेगमा पनि चुनावी माहोल बन्दै गएको छ ।

स्थानीय तहको निर्वाचन सम्पन्न भएको करिब सात महिनापछि पुनः अर्को महत्वपूर्ण जनप्रतिनिधि छनोट गर्ने अवसर आएकाले यसलाई सहीरुपमा सदुपयोग गर्ने तयारीमा मतदाता छन् । यता, राजनीतिक दलको चहलपहलसँगै मतदातामा पनि चासो र चर्चा बढ्न थालेपछि यहाँको निर्वाचनमा माहौल तातिएको छ ।

छरछिमेकदेखि सार्वजनिक थलोसम्म चुनावी गफगाफ नै बढी हुन थालेको छ । विहानको सुरुवात नै कुन दलबाट को जित्ला भन्ने बारेको बहस हुन थालेको छ । अहिले चोकचोकको चिया पसलदेखि लिएर शहर, बजार र ठूलठूला होटलमा चुनावी चर्चा परिचर्चा हुन थालेको देखिएको छ ।

चुनावी सरगर्मी बढेसँगै आम जनता चुनावमा कस्ले जित्ने र हार्ने बारेमा बहस गर्न थालेका छन् । यसपालिको चुनावमा कुन उम्मेदवार बलियो छ, कुन उम्मेदवारले बाजी मार्ने, कस्ता उम्मेदवारलाई भोट खसाल्ने इत्यादि विषयमा आम मतदाता जोड घटाउमा लागेका छन् ।

निर्वाचन क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यमा सत्ता गठबन्धनका नेकपा एसका अध्यक्ष माधव कुमार नेपाल चुनावी मैदानमा होमिएका छन भने नेकपा एमालेबाट गौर नगरपालिकाका पूर्व मेयर अजय गुप्ता, जसपाका बागी उम्मेदवार रेवन्त झा लगायतका व्यक्ति चुनावी मैदानमा उत्रेका छन् ।

माधव नेपाल, अजय गुप्ता र रेवन्त झाबीच कडा प्रतिस्पर्धा हुने आम मतदाताको आकलन छ । त्यस्तै क्षेत्र नं २ मा सत्ता गठबन्धनबाट बम विस्फोट गराएको आरोपमा जेल जीवन बिताइरहेका पूर्व मन्त्री एवं नेपाली कांग्रेसका नेता मोहम्मद अफताव आलमका जेठो छोरा मोहम्मद फिरदोस आलम र नेकपा एमाले र जसपाको तर्फबाट उम्मेदवारी दिएका जसपाका शैलेन्द्र साह र स्वतन्त्र उम्मेदवार किरण साहबीच प्रतिस्पर्धा हुने भएको छ ।

क्षेत्र नं ३ मा एमालेको टिकट अस्वीकार गरी स्वतन्त्रबाट उम्मेदवारी दिएका पूर्व मन्त्री प्रभु साह चुनावी मैदानमा होमिएका छन भने सत्तारुढ गठबन्धनबाट नेकपा माओवादी केन्द्रका धीरज पटेल, कांग्रेसका बागी उम्मेदवार ओम प्रकाश जयसवालसहितका व्यक्ति चुनावी मैदानमा उत्रेका छन ।

क्षेत्र नं ३ मा दर्जनौ व्यक्ति प्रतिनिधिसभा सदस्यका उम्मेदवार भए पनि मुख्य प्रतिस्पर्धी प्रभु साह, धीरज पटेल र ओम प्रकाश जयसवाल नै रहेका छन् । यहाँ साह, पटेल र जयसवालबीच कडा भीडन्त हुने मतदाताहरुले बताएका छन् ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले जसपासँग चुनावी तालमेल गरेपछि असन्तुष्ट भइ एमाले छाडेका प्रभु साह स्वतन्त्रबाट उम्मेदवारी दिए पनि उनलाई सत्तारुढ गठबन्धनको साथ रहेको भन्दै अनौपचारिक रुपमा चर्चा भइरहेको छ । तर सत्तारुढ गठबन्धनबाट आफू उम्मेदवार रहेको र आफू चुनाव लड्नबाट कुनै हालतमा पछि नहट्ने उम्मेदवार पटेलले घोष्णा गरिसकेका छन् । लगातार तीन पटक सांसदमा निर्वाचित प्रभु साहलाई यसवर्ष जसरी पनि हराउन माओवादीका धीरज पटेल र स्वतन्त्र उम्मेदवार ओम प्रकाश जयसवाल कम्मर कसेर लागेका छन ।

यी तिनै जना उम्मेदवार जित निकाल्न कुनै कसर बाँकी नराख्ने गरी प्रचार प्रसारमा लागेका छन् ।

त्यस्तै क्षेत्र नं ४ बाट सत्तारुढ गठबन्धनबाट नेपाली कांग्रेसका देव प्रसाद तिमल्सिना र एमाले जसपा गठबन्धनका उद्धव रेग्मीबीच कडा प्रतिस्पर्धा हुने भएको छ ।

# मजदुरको रिहाइको माग

**टुडे समाचारदाता**



कलैया । झडपको क्रममा बिहीवार पक्राउ परेका ७ जनालाई रिहा गर्न माग गर्दै बाराको त्रिवेणी स्पिनिङ् मिलका मजदुरहरुले प्रदर्शन गरेका छन् ।

जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ९ छाता पिपरास्थित त्रिवेणी स्पिनिङ् मिलमा बिहीवार भएको झडपको क्रममा पक्राउ परेका ७ जनाको रिहाइको माग गर्दै सयौंको संख्यामा सहभागी मजदुरहरुले जिल्ला प्रशासन कार्यालय बाहिर प्रदर्शन गरेका छन् ।

बोनसको माग गर्दै आन्दोलनरत मजदुरले बिहीबार व्यवस्थापन पक्षका वरिष्ठ अधिकारीहरुलाई कार्यकक्षमा थुनेका थिए । उनीहरुलाई छुटाउन आएको प्रहरीसँग झडप हुँदा कम्तीमा १५ जना मजदुर र प्रहरी नायब उपरीक्षकसहित १० जना प्रहरी घाइते भएका थिए ।

त्यस क्रममा पक्राउ परेका ७ जना मजदुरलाई प्रहरीले दमन गरेको भन्दै मजदुरहरुले आफ्ना साथीहरुको निशर्त रिहाइको माग गरेका छन् ।

प्रहरीले अभद्र व्यवहार मुद्दामा १० दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए ।

# हात्तीको आक्रमणबाट एक माउतेको मृत्यु

**रञ्जन यादव**

कलैया । बारामा हात्तीको आक्रमणबाट एक माउतेको मृत्यु भएको छ ।

पर्सा राष्ट्रिय निकुञ्जमा कार्यरत रामभोरीभाटा सेक्टर गडवालाइन पोष्टस्थित हात्तीसारमा घरपालुवा हात्तीले आफ्नै माउतेलाई शुक्रबार साढे ४ बजे आक्रमण गरेको प्रमुख संरक्षण अधिकृत (वार्डेन) अशोक रामले जानकारी दिए ।

हात्तीको आक्रमणबाट गम्भीर घाइते भएका माउते जीतपुरसिमरा वडा नं. १५ का रमेश महराको वीरगञ्जस्थित नारायणी बयोधा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको वार्डेन रामले बताए ।

जंगलबाट चराएर हात्तीसारमा ल्याएर बाध्ने क्रममा हात्तीले रमेशलाई आक्रमण गरेको थियो ।

धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं

एक-अर्काको धर्मसंस्कृति, रीतिरिवाज,
रहनसहन र चाडपर्वको सम्मान गरौं ।
एक-आपसमा भेद्भाव नगरौं,
धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८